**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई**

**माननीय न्यायाधीश श्री पुरूषोत्तम भण्डारी**

**फैसला**

**०७५-WO-0843**

**मुद्दाः-** परमादेश ।

| | |
|---|---|
| ललितपुर जिल्ला कार्य विनायक न.पा. वडा नं.6 को परिवर्तित ललितपुर उप-महानगरपालिका वडा नं.21 मा स्थापित रहेको स्नेहाज केयरको तर्फबाट आफ्नो हकमा समेत काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १० बानेश्वर बस्ने अधिवक्ता पदमबहादुर श्रेष्ठ.............................................१ | पक्ष<br>रिट निवेदक |

**विरुद्ध**

| | |
|---|---|
| प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, सिंहदरबार, काठमाडौं...............1<br>कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सिंहदरबार, काठमाडौं......................1<br>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौं.........................1<br>पशुसेवा विभाग, हरिहरभवन, ललितपुर..........................................1<br>वन तथा वातावरण मन्त्रालय, सिंहदरबार.....................................1<br>संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय...............................1 | विपक्षी<br>प्रत्यर्थी |

नेपालको संविधान २०७२ को धारा ४६ तथा धारा १३३(२) र (३) बमोजिम

यस अदालतमा दायर भएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

नेपालको संविधानको धारा ९(३) मा नेपालको राष्ट्रिय जनावर गाई भन्ने उल्लेख गरिएको छ। यस कारणले नेपालमा जन्म लिएका वा रहेका सम्पूर्ण गाईहरु नेपालको संविधानले चिनेको जनावर हो। गाईसंग हामी प्रत्येक नेपालीको धार्मिक र सांस्कृतिक भावना जोडिएको छ। यस्तो अवस्थामा विपक्षीहरुले गाईको संरक्षण, व्यवस्थापन, आदर र सत्कार गर्नुपर्ने दायित्व रहन्छ। हिन्दू परम्परा अनुसार नेपालमा प्रत्येक बर्ष तिहारमा लक्ष्मी पुजाको दिन लक्ष्मीको रुप गाईलाई र गोबर्धन पुजाको दिन गोरुलाई धार्मिक परम्परा अनुसार पुजा गरी गाई र गोरुलाई माला लगाई मिठो मसिनो खाना दिने गर्दछौँ। गाईको दूध धार्मिक व्यवसायिक रुपमा वा व्यक्तिगत रुपमा प्रयोग गर्दछौ। परम्परा देखि चलि आएको प्रथाको रुपमा गाईलाई माता मान्ने भएकोले गाईको गउत पुजाआजामा सुद्ध हुनको लागि प्रयोग समेत गरिन्छ। गाईलाई लातले छुनु हुदैन, गाई मार्नु हुदैन, गाईलाई काटी मासुको रुपमा प्रयोग गर्नु हुँदैन भनेर नै हिन्दु धर्म अनुसार सनातन देखि निरन्तर रुपमा सम्मान गरी आएका छौ । गाईलाई काट्न मार्न कानूनतः प्रतिबन्ध लगाइएको हुँदा जीवित गाई र गोरुहरु कानूनतः संरक्षित पशु हो भने स्थापित सिद्धान्त रहेको छ। यस्तो अवस्थामा विपक्षी निकायहरुले गाई गोरुको संरक्षणमा गर्नुपर्ने कानूनी दायित्व पुरा गरेका छैनन्। गाई छाडा छोडिएको कारण साहाराविहिन भएको र संरक्षण तथा व्यवस्थापन गर्नुपर्नेमा सो दायित्व प्रभावकारी रुपमा पुरा नगरेको अवस्था विद्यमान रहेको छ।

नेपालको संविधानको धारा ९ को (३) मा नेपालको राष्ट्रिय जनावर गाई भन्ने प्रष्ट लेखिएको छ जस कारण विपक्षीहरुको दायित्व समग्र गाईको संरक्षण गर्नु पर्ने हुन्छ। व्यवसायिक र व्यक्तिगत रुपमा पालिएका गाई, गोरुहरु छाडा रुपमा नछाडी व्यवस्थापन गर्ने दायित्व व्यवसायी, समग्र नागरीक र विपक्षीहरुको हुन्छ। नेपालको संविधानको धारा १६ मा प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक हुनेछ, धारा २६ मा धार्मिक स्वतन्त्रताको हक भन्ने उल्लेख छ। गाई नेपालको राष्ट्रिय जनावर हुनुको साथै हिन्दु धर्म परम्परा अनुसार लक्ष्मी मानी लक्ष्मी पुजामा गाई र गोरु पुजामा गोरुलाई पुजा गरी धार्मिक परम्परालाई निरन्तर रुपमा कायम राखिरहेको अवस्थामा विपक्षीहरुले गाई गोरुप्रति कानूनद्धारा गरिएका व्यवस्थालाई कार्यान्वयन नगरेको कारण कैलाली जिल्लाको घोडाघोडी नगरपालिकामा गाई गोरुको दयनीय अवस्था देखिएको छ। देशैभरी नै छाडा तथा वेसहारा रुपमा छाडिएको गाई, गोरु, बाच्छा, बाच्छीहरु भोक, रोग, प्यास र ओत प्राप्त गर्न नसकेको कारण छटपटाई अकालमा मरिरहेका छन्। त्यस्तो अवस्था देखेर समग्र मानव तथा हिन्दु धर्मालम्बीहरुको मान प्रतिष्ठामा ठूलो ठेस पुगेको अवस्था छ जसको मूल्यमा निर्धारण गर्न सकिदैन।

नेपालको संविधानको धारा ३० मा प्रत्येक नागरीकलाई स्वच्छ र स्वस्थ्य वातावरणमा बाँच्न पाउने हक हुनेछ भन्ने मौलिक हक भएकोले ३ करोड नेपाली जनतालाई विपक्षीहरुले स्वच्छ र स्वस्थ्य वातावरणमा राख्ने जिम्मेवारी रहेकोमा देशको विभिन्न भागमा दुधको व्यवसाय गर्नेहरुले गाईले दुध दिन छाडेपछि आफुले पाल्नुको सट्टामा बाटोमा ल्याई छाडि दिने र गोरुले जोत्न नसक्ने भएपछि बाटोमा वा अन्य स्थानमा छाडी दिने गरेका छन्। काम नलाग्ने बाच्छा बाच्छीहरु समेत सार्वजनिक स्थानमा छाडी दिने गरेका छन्।

जनताको तहमा भएका गैरकानूनी कार्यको जानकारी विपक्षीलाई भएको नै छ। विपक्षीहरुको दायित्व विहिनताको कारणले पशुहरु खानाको खोजीमा सडक सडकमा दौडनु पर्ने भैरहेको छ। जसका कारणले गाउँ शहर वजार नै अव्यवस्थित भैरहेको छ। गाई गोरुको यत्रतत्र छरिएको मलमुत्रको कारण शहर वजार तथा सडक फोहर भई दिनहुँ दुर्गन्ध फैलिरहेको छ। साथै सड़क जाम भै दुर्घटना हुने, रोग भोक प्यासको कारण जुनसुकै स्थानमा अकाल मृत्युवरण गर्न वाध्य भईरहेको छ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ११७ ले पशुपक्षी अर्काको घरजग्गा वा सार्वजनिक बाटो घाटो वा सार्वजनिक स्थानमा छाडा छोड्न निषेध गरेको छ। सोही ऐनको दफा २८९ मा गाई वा गोरु मार्ने वा कुनै चोट पुयाउने नियतले कुनै काम गर्नु वा गराउनु हुदैन, ऐ.को दफा २९० मा आफुले पालेको पशुपक्षी रोगी वा बृद्ध भएको कारणले सार्वजनिक रुपमा छाड्नु वा अन्य कुनै किसिमबाट निर्दयी वा क्रुर व्यवहार गर्नु हुदैन भन्ने कानूनी व्यवस्था उक्त दफाहरुले गरेको व्यवस्था अनुसार कसैले पनि गाई, गोरु सार्वजनिक रुपमा छाड्न, मार्न वा चोट पुयाउने नियतले कुनै काम गर्नु गराउन हुदैन। त्यसो गरिएको स्थितिमा विपक्षीहरुले सो गर्ने व्यक्तिहरुलाई कानूनी कारबाहीको दायरामा ल्याउन सक्ने अवस्था छ।

संविधान र कानूनी व्यवस्थाको अतिरिक्त पशु कल्याण निर्देशिका, २०७३ को दफा ३(ठ) मा पशुलाई नियतवस वा लापरवाहीपूर्वक गरिएका कार्यहरुलाई पशुप्रति निर्दयी व्यवहार मानिने उल्लेख छ। सो निर्देशिकाको दफा १५ मा पशुको प्रयोग गर्दा कोर्रा, चक्कु, पासो, पिडा दिने, विरामी वा घाइते पशुको उपचार नगर्ने आदी कार्यलाई निर्दयी कार्य मानेको छ। दफा ४ मा पशुलाई भोक, प्यास र कुपोषण हुन नदीने, डर, त्रास र तनाव दिन नहुने भन्ने निर्देशिका (Policy) मा उल्लेख छ। ऐ. को दफा १४ मा पशुधनीले कामबाट निवृत्त भएका वा बृद्धावस्थामा पुगेका पशुको आवश्यक हेरचाह तथा व्यवस्थापन गर्नुपर्नेछ भन्ने उल्लेख छ। निर्देशिकामा उल्लेख भएको व्यवस्थाको कार्यान्वयन गर्ने दायित्व जिम्मा विपक्षी निकायहरुको नै हो। उक्त जिम्मेवारी पुरा नगरेको कारण गाई गोरुहरु निर्दयी तरीकाले दिनानुदिन अकालमा मृत्यु भईरहेको छ।

यस संस्थाले संस्थागत रुपमा गरेको अध्ययनमा कैलालीको चुरेको जंगलमा करीब २८०० (दुई हजार आठसय) गाई, गोरु, बाच्छा बाच्छी केही महिना अघि सडकबाट करीब ३ कि.मी. भित्र एकान्त जंगलमा तारबार लगाई राखिएको पाएको छ। त्यसरी राख्नको लागि आवश्यक पर्ने दाना पानी, ओत, औषधी उपचार आदी केही पनि व्यवस्था छैन। सो कारण दिनहुँ जसो खाना नपाई, ओतको अभाव, जंगली जनावरको आक्रमण र रोगका कारण मरिरहेको अवस्था छ। यसरी ठुलो संख्यामा गाई गोरु मरेको कारण सिनो गन्हाएर वरीपरी हेर्न र बस्न सकिदैन, त्यसबाट वातावरण प्रदुषण भईरहेको छ। यसले मानवलाई मात्र होइन त्यहाँ रहेको वन्यजन्तुहरु समेतलाई असर परिरहेको छ। त्यसो हुनुमा विपक्षीहरुले कानूनको पालना नगरेको कारण नै हो।

यसरी संविधान, मुलुकी अपराध संहिता तथा पशु कल्याण निर्देशिका २०७३

समेतले कानूनको रुप लिएको अवस्थामा विपक्षीहरुले यस निर्देशिकामा भएको पशु कल्याण सम्बन्धी व्यवस्थालाई लागु गर्ने र प्रभावकारी लागु गर्नको लागि समय समयमा अनुगमन गर्ने, प्रभावकारी कार्यान्वयन गर्ने कार्यतर्फ अग्रसर भएका छैनन्। नेपालको संविधानले राष्ट्रिय जनावर गाई भनी स्वीकार गरेता पनि फितलो व्यवस्थापन र कानून वमोजिम जिम्मेवारी निर्वाह नहुदाँ पशु अन्तर्गत गाई गोरु बाँच्छा बाच्छीहरुको ज्यादै नै दयनीय अवस्था दिनानुदिन बढिरहेको छ ।

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १३८ मा सवारी संञ्चालन र हिड्नको लागि बाधा पर्ने गरी कुनै पनि घर पालुवा पशुपन्छी सार्वजनिक स्थानमा छाड्न हुदैन भन्ने उल्लेख छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (ण) को ३ मा कृषि तथा पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण गर्ने दायित्व स्थानीय निकायमा छ। अतः माथि उल्लेखित कानूनहरुले गरेको व्यवस्थालाई विपक्षीहरुले कानून वमोजिम गर्नु पर्ने काम, दायित्व र कर्तव्य कुनैपनि पुरा नगरेको कारणले मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा ११७ वमोजिम घरपालुवा पशुपंक्षी छाडा छाड्न नहुने, दफा २८९ वमोजिम गाई गोरु मार्ने वा कुट्न नहुने, दफा २९० वमोजिम पशुपक्षीप्रति निर्दयी व्यवहार गर्न नहुने भनी कानूनमा स्पष्ट उल्लेख गरेको र पशु स्वास्थ्य तथा पशु सेवा ऐन, २०५५ को मर्म र भावना अनुरुप र ऐ.को नियमावली २०५६ को नियम २२(क) वमोजिम र पशु कल्याण निर्देशिका, २०७३ को दफा ३(ठ) पशुप्रति निर्दयी व्यवहार गर्न नहुने, दफा ४ मा पशुलाई भोक, प्यास र कुपोषण हुन नदीने, डर, त्रास र तनाव हुन नदीने, पिडाबाट सुरक्षित राख्ने, दफा ९ मा आश्रम हुनुपर्ने, गोठ बस्ने स्थान, जाडो, गर्मी, दाना पानी, दफा १४ मा निवृत्त पशुको हेरचाह र व्यवस्थापन, दफा १७ मा जिम्मेवारी वहन गर्नुपर्ने, दफा २० मा स्थानीय तहको जिम्मेवारी समेतको व्यवस्था कानूनमा प्रष्ट उल्लेख भएकोले कार्यान्वयन गर्ने दायित्व विपक्षीहरुमा रहेकोमा उक्त भएको व्यवस्थाहरु कार्यान्वयन तथा आफ्नो जिम्मेवारी पुरा नगरेको कारण देशको विभिन्न स्थानमा राष्ट्रिय जनावर गाई गोरु र सो बाट जन्म लिएका पशुहरुको दयनीय अवस्था भएकोले विपक्षीको नाउँमा पशु कल्याण निर्देशिकामा भएको कानूनी व्यवस्था तत्काल लागु गरी गाई गोरुको भोक, रोग, ओत प्यासको उचित संरक्षण र व्यवस्थापन गरी राष्ट्रिय जनावर गाई समेतलाई संरक्षण गर्नु भन्ने परमादेश जारी गरी पाउँ ।

नेपालको संविधानको धारा २६ मा प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसार धर्मको अवलम्बन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुनेछ भन्ने उल्लेख छ। "गाई" राष्ट्रिय जनावर मात्र नभएर हिन्दु धर्म सँस्कृति अनुसार गाई गोरूको तिहारमा पुजा गरिने भएकोले धर्म सम्बन्धी हकको रक्षाको लागि र धारा ३० वमोजिम प्रत्येक नागरीक स्वच्छ र स्वस्थ्य वातावरणमा बाच्न पाउने हक हुनेछ भन्ने व्यवस्था भएकोले विपक्षीहरुले कानून वमोजिमको आफ्नो दायित्व निर्वाह नगरेको कारण गाई, गोरुहरुको जहाँ त्यही मृत्यु हुने कारण त्यसको दुर्गन्धले नागरीकको स्वास्थ्यमा प्रत्यक्ष असर र स्वच्छ वातावरणमा समेत असर पारेकोले कानून विरुद्ध छाडा छोड्ने, निर्दयी व्यवहार गर्नेलाई कानूनको दायरामा ल्याउनु र उचित संरक्षण तथा व्यवस्थापन गर्नु, धर्म संस्कृतिको जगेर्ना हुने र वातावरणीय प्रदुषणबाट

समाजलाई मुक्त गर्ने उपयुक्त कार्य प्रभावकारी रुपमा थालनी गर्नुको साथै कानूनको कार्यान्वयन र पशुको प्रभावकारी व्यवस्थापन गर्नु गराउनु भन्ने परमादेश जारी गरी पाउँ। साथै विपक्षीहरुको नाउँमा सर्वोच्च अदालत नियमावली २०७४ गोरुप्रति गरिदै आएको व्यवहार अन्त्य गरी तत्काल रोग, भोक, ओतको समस्या अन्त्य गरी छाडा छोडिएको गाई गोरूहरूको प्रभावकारी संरक्षण र व्यवस्थापन तत्काल गर्नु गराउनु भनी विपक्षीहरूको नाउँमा अन्तरिम आदेश जारी गरी पाऊँ भन्नेसमेत व्यहोराको स्नेहाज केयरको तर्फबाट र आफ्नो हकमा समेत अधिवक्ता पदमबहादुर श्रेष्ठको निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो ? आदेश जारी हुनु नपर्ने भए आधार र कारण सहित बाटोको म्याद बाहेक सूचना पाएका मितिले १५ दिनभित्र विपक्षीहरुलाई महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखितजवाफ पेश गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी म्याद सूचना पठाई म्याद भित्र लिखितजवाफ परे वा अवधि नाघे पछि नियमानुसार पेश गर्नु।

अन्तरिम आदेश माग भएको सम्बन्धमा विचार गर्दा, राष्ट्रिय जनावरको प्रतीकको रुपमा रहेको गाई र त्यससँग सम्बन्धित प्रजाती गोरु घर पालुवा जनावार भएका र घर प्रयोगमा तिनीहरुको प्रयोग आवश्यकता र उपादेयता नहुने अवस्था भएपछि छाडा छाडिदिने प्रचलनले उनीहरुको वासस्थान आहारा र उपचारको उचित रेखदेख र संरक्षण हुन नसकी रोग र भोकको कारणले त्यस्ता गाई गोरुले कष्टपूर्ण रुपमा बाचिरहनु परेको र साथै अकालमा नै मृत्यू वरणसमेत गरिरहनु परेको हुँदा प्रारम्भिकरुपमा उक्त अवस्थालाई तत्काल रोक्नको लागि नेपाल अधिराज्यभरका जुनजुन स्थानमा छाडा छाडिएका गाई गोरुहरुको यस्तो अवस्था छ त्यस स्थानका त्यस्ता अवस्थाका गाई गोरुलाई सुरक्षित वासस्थान, जीविकाको लागि सामान्य घास, दाना पानी जस्ता अती आवश्यक रुपको आहारा एवम् उपचारको व्यवस्था गरी छलफलको निमित्त मिति २०७५।१२।३ गतेको दिन उपस्थित हुन आउनु भनी विपक्षीहरुको नाउँमा म्याद सूचना जारी गरी हाजीर भए वा गुजारेपछि नियमानुसार पेश गर्नु भन्नेसमेत व्यहोराको 2075/11/२१ गतेको यस अदालतको आदेश।

निवेदक स्वयंले आफ्नो निवेदनमा विभिन्न ऐन, नियमावलीलाई आधार लिनुभएको देखिन्छ। उक्त ऐन तथा नियमावलीको कार्यान्वयन गर्ने आधिकारिक निकाय यस मन्त्रालय नभएको र यस मन्त्रालयले के कुन काम कारबाहीका कारणबाट यस मन्त्रालयलाई विपक्षी बनाइयो वा यस मन्त्रालयले सम्पादन गरेका वा गर्ने के कुन काम कारबाहीका विरूद्धमा रिट जारी हुनुपर्ने हो भन्ने सम्बन्धमा विपक्षीले स्पष्ट र बोधगम्य तथ्य, कारण र आधार दिन नसक्नु भएकोले यस मन्त्रालयको हकमा रिट निवेदन औचित्यपूर्ण देखिंदैन। निवेदनको विषयवस्तुसँग यस मन्त्रालयको काम कर्तव्य तथा अधिकारक्षेत्र सम्बन्धित नदेखिएको साथै नेपाल सरकार कार्यविभाजन नियमावलीले यस मन्त्रालयलाई निश्चित कार्यक्षेत्र तोकिदिएको र त्यसरी तोकिदिए बमोजिमका काम, कर्तव्य तथा अधिकार क्षेत्रहरू जिम्मेवारीपूर्वक निर्वाह गर्न यस मन्त्रालय सदैव सचेत सकृय र प्रतिबद्ध रहेकोले यस मन्त्रालयलाई अकारण विपक्षी बनाएको हदसम्म निवेदन दावी खारेजभागी छ भन्नेसमेत व्यहोराको नेपाल सरकार वन

तथा वातावरण मन्त्रालयको तर्फबाट ऐ. मन्त्रालयका सचिव डा. विश्वनाथ ओलीको तर्फबाट परेको लिखित जवाफ।

विपक्षी रिट निवेदकले यस मन्त्रालयलाई के कुन आधार र कारणबाट विपक्षी बनाउनुपरेको हो, विपक्षी बनाउनु पर्नाको कारण उल्लेख गर्न सकेको देखिंदैन। तथापि स्वस्थ जीवनका लागि स्वच्छ वातावरण कायम गर्न रीट निबेदकले उठाएको सवालमा मन्त्रालय सकारात्मक छ। स्वच्छ वातावरण हुनुपर्छ र प्रत्येक नागरीकले सफा स्वच्छ र स्वस्थ वातावरणमा जीवनयापन गर्न पाउनुपर्छ भन्ने कुरामा दुईमत हुन सक्तैन। सोही अभिप्रायले यस मन्त्रालय सदा प्रयत्नशील रहिआएको छ र रहनेछ। जहाँसम्म पशुहरुको अकाल मृत्यु हुनु त्यसमा राष्ट्रिय जनावर गाईको संरक्षण तथा उचित व्यवस्थापन नगरेको कारण पशुहरु भोक, रोग, ओत र प्यासले मृत्यु भएको कारणले समग्र मानव जीवनमा समेत वातावरणीय रुपमा असर पर्नुको साथै जताततै जनावरको मृत्यु भएकोले स्वच्छ वातावरण कायम नुहुनको साथै र जनताको स्वास्थ्यमा प्रत्यक्ष असर पर्दा समेत कुनै कदम चालेको अवस्था नभएको हुँदा छोडिएका गाई गोरुहरुको प्रभावकारी संरक्षण र व्यवस्थापन तत्काल गर्ने गराउने सम्बन्धमा सम्बध्द निकायबाट प्राप्त हुने लिखित जवाफबाट स्पष्ट हुने नै हुँदा यस मन्त्रालयलाई विपक्षी बनाई रहनु पर्ने होइन। प्रत्येक पशु पंक्षीहरुको भोक, रोग ओत र प्यास लगायत स्वास्थ्य प्रति सजग र सम्बेदनशील भई स्वस्थ जीवन यापनकालागि सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण हुने नै भएकोले उक्त कार्यका लागि सहकार्य गर्न यस मन्त्रालय सदा तत्पर हुँदा यस मन्त्रालयका हकमा कुनै आदेश जारी गरिरहनुपर्ने अवस्था छैन। रिट खारेजभागी छ, खारेज गरिपाऊँ भन्नेसमेत व्यहोराको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको तर्फबाट ऐ.का सचिव चन्द्रकुमार घिमिरेको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम उक्त विषय यस मन्त्रालयको क्षेत्राधिकारभित्र पर्ने देखिंदैन। यस्तो विषयमा यस मन्त्रालयलाई विपक्षी बनाई रिट निवेदन दायर गर्नुपर्ने अवस्था थिएन। तसर्थ, रिट निवेदन खारेजयोग्य छ खारेज गरी पाऊँ भन्नेसमेत व्यहोराको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको तर्फबाट निमित्त सचिव सुरेश अधिकारीको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

छाडा छोडिएका पशुहरुको कारण वातावरणमा असर परेको संरक्षणमा असर परेको तथा सवारी दुर्घटना समेत हुने गरेको बिषयमा आवश्यक व्यवस्था गर्न सक्ने अधिकार स्थानीय सरकार संञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई प्रदान गरेको छ। स्थानीय तहबाट कानूनले निर्धारण गरेका अधिकार प्रयोग गरी वातावरण संरक्षण तथा छाडा पशुपक्षी छाड्ने कार्य नियन्त्रण गर्ने समेतका कार्य हुँदै गरेका र पशु छाडा छाड्नेलाई कानून बमोजिम कारवाही हुने अवस्था छ। त्यस्तै पशुपक्षीको संरक्षण, तिनको उचित आहारको व्यवस्था गरी कृषिको एउटा हिस्साको रुपमा रहेको पशु क्षेत्रको विकासमा नेपाल सरकारबाट नीति तथा कार्यक्रम तथा सालबसाली बजेट मार्फत आवश्यक व्यवस्था भैरहेका छन्। राष्ट्रिय जनावर गाई लगायत पशुपंक्षी संरक्षण गर्न तथा पशुपंक्षीको संरक्षण नगर्ने, छाडा छाड्ने

जुनसुकै व्यक्ति तथा संस्थाप्रति कानून बमोजिम कारवाही गर्ने विषयमा यो कार्यालय कटिबद्ध रहेको छ। यस्ता कार्य नियन्त्रणको लागि नै मुलुकी अपराध, (संहिता) ऐन, २०७४, पशु कल्याण निर्देशिका, २०७३, स्थानीय सरकार संञ्चालन ऐन, २०७४ लगायतका कानून जारी भई कार्यान्वयनमा आएको छ। यसरी नेपाल सरकारबाट पशुपक्षी छाडा छाड्ने कार्यको नियन्त्रणको लागि पर्याप्त कानूनी व्यवस्था गरिएको र त्यसको कार्यान्वयनमा समेत प्रभावकारी व्यवस्था गरिसकिएको अवस्थामा रिट निवेदकले पशु छाडा छाड्ने व्यक्तिगत दायित्व कायम हुने बिषयको लागि यस कार्यालय समेतलाई प्रत्यर्थी बनाई दायर गर्नु भएको र निवेदनमा यस कार्यालयको के कस्तो काम कारवाहीको कारण रिट निवेदन गर्नु परेको हो सो समेत खुलाउन नसकेको अवस्थामा प्रस्तुत रिट निवेदन आधारहिन तथा औचित्यहिन हुँदा खारेजभागी छ। खारेज गरी पाउँ भन्नेसमेत व्यहोराको नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको तर्फबाट ऐ. को सचिव डिल्लीराज घिमिरेको तर्फबाट यस अदालतमा परेको लिखित जवाफ।

मुलुकी अपराध (संहिता) ऐन, २०७४ को दफा २९० को उपदफा (१) मा कसैले कुनै पशुपन्छीलाई कुटी, हिर्काई वा बोक्न सक्ने क्षमता भन्दा बढी भारी बोकाई वा सामर्थ्यभन्दा बढी दौडाई वा रोग, घाउ, खटिरा वा अन्य कुनै कारणबाट काम गर्न असमर्थ भएकोलाई काममा लगाई वा हानिकारक बस्तु सेवन गराई वा अन्य कुनै प्रकारले यातना दिन वा आफूले पालेको पशुपन्छी रोगी वा वृद्ध भएको कारणले सार्वजनिक रुपमा छाड्न वा अन्य कुनै किसिमबाट निर्दयी वा क्रुर व्यवहार गर्न नहुने र कसैले सो गरे गराएमा सोही दफाको उपदफा (२) बमोजिम तीन महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने कानूनी व्यवस्था रहेको छ। मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को अनुसूची -१ को देहाय (क) को २४ मा पशुपन्छी सम्बन्धी कसूरलाई समावेश गरेको, सोही ऐनको दफा ४ मा अनुसूची-१ मा उल्लिखित कुनै कसूर भएको, भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले त्यस्तो कसूरका सम्बन्धमा आफूसँग भएको वा आफूले देखे जाने सम्मको सवुद प्रमाण खुलाई त्यस्तो कुराको लिखित जाहेरी दरखास्त

वा मौखिक सूचना वा विद्युतीय माध्यमको सूचना अनुसूची-५ बमोजिमको ढाँचामा नजिकको प्रहरी कार्यालयमा यथाशीघ्र दिनु पर्ने, त्यसैगरी सोही ऐनको दफा ५ मा दफा ४ बमोजिम दिइएको जाहेरी दरखास्त वा सूचना सम्बन्धी प्रहरी कार्यालयले दर्ता गर्न इन्कार गरेमा जाहेरी दरखास्त वा सूचना गर्ने व्यक्तिले त्यस्तो व्यहोरा खुलाई सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालय वा त्यस्तो जाहेरी दरखास्त वा सूचना दर्ता गर्नु पर्ने प्रहरी कार्यालय भन्दा माथिल्लो तहको प्रहरी कार्यालयमा जाहेरी दरखास्त वा सूचना सहित उजुरी गर्न सक्ने कानूनी व्यवस्था रहेको छ। प्रचलित कानूनले कसूर भएको, भइरहेको वा हुन लागेको थाहा पाउने कसैले त्यस्तो सूचना नजिकको प्रहरी कार्यालयमा दिनु पर्ने भन्ने स्पष्ट कानूनी व्यवस्था रहेकोमा विपक्षी रिट निवेदकले उक्त कानूनी व्यवस्था अनुरुपको उपचारको बाटो अवलम्बन नगरी रिट क्षेत्राधिकारमा प्रवेश गरेकोले रिट निवेदन निरर्थक छ। नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालय (मन्त्रालय) पशुपन्छीहरुको कल्याण गर्न, सदैव सचेत, सक्रिय र

प्रतिबद्ध रहेको छ। मन्त्रालयले पशु कल्याण सम्बन्धी सरोकारवाला निकायहरुको सहभागितामा राष्ट्रियस्तरको गोष्ठी सञ्चालन गरेको, व्यवसायिक फर्महरुको अध्यावधिक गरेको, राष्ट्रियस्तरमा पशुविकास सम्बन्धी मिडियामा सूचनामूलक कार्यक्रम प्रसारण गरिरहेको, पशुपन्छी विकास फार्महरुबाट संचलित कार्यक्रमहरूको नियमित अनुगमन, मूल्याङ्कन गरेको, पशुपन्छी जन्य वस्तु अनुसारको मोडेल फार्मिङ्गको लागि असल अभ्यास पद्धतिको प्याकेज तयार गर्दैरहेको, गाईभैसी प्रवर्द्धन कार्यक्रम सञ्चालन गरेको, चौरी संरक्षण सम्बन्धी राष्ट्रिय गोष्ठी संचालन गरेको, पशु आनुवांशिक स्रोत संरक्षण, संबर्धन र उपयोग, दूध संकलन, चिस्यान, ढुवानी केन्द्रहरु स्थापना गर्ने लगायतका कार्यक्रमहरु सञ्चालन गरी पशु कल्याण सम्बन्धी कार्य गरिरहेको छ। अतः रिट निवेदकले पशु कल्याण सम्बन्धी विभिन्न विषयमा ऐन, कानून, नियमावली, निर्देशका, कार्यविधिहरु जारी भएको विषयलाई स्वीकार्नु भएको छ। उक्त ऐन लगायतका कार्यविधिहरु नेपाल सरकारका सम्बन्धित विभाग, कार्यालयहरुले कार्यान्वयन गरी लागू गर्ने काम भइरहेको हुँदा रिट निवेदनमा दावी गरिए जस्तो पशु कल्याण सम्बन्धमा मन्त्रालय र मन्त्रालय मातहतका निकायहरूले केही नगरेको अवस्था होइन भन्ने समेत व्यहोराको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको तर्फबाट ऐ. का सचिव प्रकाश माथेमाको तर्फबाट परेको लिखित जवाफ।

नियम बमोजिम साप्ताहिक तथा दैनिक मुद्दा पेशी सूचीमा चढी इजलाश समक्ष पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदकको तर्फबाट रहनु भएका विद्धान वरिष्ठ अधिवक्ताहरु श्री हरिहर दाहाल, श्री प्रकाशमणी शर्मा, डा. श्री नारायण घिमिरे, श्री पदमबहादुर श्रेष्ठ तथा विद्धान अधिवक्ताहरू श्रीधराकुमारी पुडासैनी, श्री खगेन्द्र सुवेदी, श्री इन्दिरा सिलवाल, श्री जुजुकाजी महर्जन, श्री कृष्णगोपाल महर्जन, श्री नातीबाबु दाहाल, श्री शान्ता पन्त, श्री युद्धमान महर्जन, श्री रविन्द्र तामाङ र श्री राजु फुयालले गाईलाई छाडा छोड्नबाट रोक्ने कार्य व्यक्ति र सरकार दुवैको हो। कानूनले जो जस्को जिम्मेवारी हो भनी तय गरेको छ सो निकायले दायित्व पुर्णरुपमा निर्वाह गर्नुपर्ने हुन्छ। वर्तमानमा गाईको संरक्षण गर्नुको सट्टा गोवद्य गर्ने क्रम बढेको छ। गाईको संहार र हिंसा भएको छ सो अवस्था हट्नुपर्छ भन्ने नै निवेदन माग हो। सार्वजनिक जवाफदेहीको पालना भएको छैन। गाई छाडा छाडिएको कारण हानी पुगेको दुष्कृति सम्बन्धी कानूनको विषय पनि हो। अन्य व्यक्तिलाई असर प्रभाव पार्ने गरी गाईवस्तु छाडा छाडी असुविधा र असर पुऱ्याउन मिल्ने पनि होइन। कसैले पनि अनुचित समृद्धि पाउनु भएन। यस विषयमा व्यक्तिको र सरकारको दायित्व स्पष्ट गर्नुपर्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँ पालिका तथा नगरपालिकाको अधिकार अर्न्तगत उक्त ऐनको दफा ११(२)(ण) मा कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी शिर्षक अन्तर्गत पशुपालन तथा व्यवस्थापनका वारेमा विभिन्न जिम्मेवारी तोकिएको भए पनि तोकिएको जिम्मेवारी अनुसार काम गरिएको छैन। तसर्थ निवेदन माग अनुसार बिपक्षीहरुका नाउमा आदेश जारी हुनुपर्छ भनी बहस गर्नुभयो।

त्यस्तै विपक्षी नेपाल सरकारको तर्फबाट उपस्थित विद्धान सह-न्यायाधिवक्ता श्री संजिव रेग्मीले गाईको संरक्षण गर्ने विषयलाई नेपाल सरकारको तर्फबाट परेको लिखित

जवाफले अन्यथा हो भनेको अवस्था छैन। विभिन्न कानून पनि बनेको अवस्था छ। गाईको संरक्षण समेतको विषय प्रदेश सरकार र स्थानीय सरकारको साझा सूचीमा समावेश गरी दुई सरकारलाई समानरूपमा उत्तरदायी बनाएको छ। फौजदारी अपराध संहीता, २०७४ को दफा ११६, ११७, २८९, २९१, २९२ मा कानूनी व्यवस्था गरिएको छ। गाई गोरू सम्बन्धी कसुर अपराधलाई अनुसूची १ मा समावेश गरिएको छ। गाई संरक्षणका लागि स्रोत साधनले भ्याएसम्म कान्जी हाउस बनाइएको र बनाउने क्रम जारी छ। रिट निवेदकले स्थानीय सरकार र प्रदेश सरकारलाई विपक्षी बनाएको छैन। गाईको संरक्षण गर्ने भनी कानूनले नै जिम्मेवार बनाएको निकायलाई विपक्षी नबनाई दायर भएको हुदाँ प्रस्तुत रिट निवेदन खारेज हुनुपर्छ भनी गर्नुभएको बहस जिकीर सुनियो।

मिसिल कागज अध्ययन गरी निवेदक स्वयं, रिट निवेदककै तर्फबाट उपस्थित विद्वान कानून व्यवसायीहरु तथा विपक्षी नेपाल सरकारका तर्फबाट उपस्थित विद्वान उप–न्यायाधिवक्ताले प्रस्तुत गर्नुभएको बहससमेत सुनी निर्णय तर्फ विचार गर्दा प्रस्तुत रिट निवेदनमा देहायका प्रश्नहरुको निरुपण हुनुपर्ने देखियो।

१. प्रस्तुत विवादमा निवेदकले गाई गोरुको संरक्षण र व्यवस्थापनको विषय उठान गरी यस अदालतमा प्रवेश गरेकोमा सार्वजनिक हक र सरोकारको क्षेत्राधिकार आकर्षित हुने अवस्था छ वा छैन, साथै विवादित विषयमा निवेदकलाई यस अदालतमा निवेदन गर्ने हकदैया प्राप्त छ वा छैन।
२. गाई गोरुको संरक्षणको विषयलाई संवैधानिक तथा सांस्कृतिक दृष्टिवाट के कसरी हेरिनुपर्छ?
३. गाई गोरु लगायतका पशुहरुको संरक्षणमा जोडिएका कानूनी आयामहरु के के हुन्?
४. गाई गोरुको संरक्षणको सम्वन्धमा विपक्षीहरुवाट आ–आफ्नो दायित्व पूरा गरेको अवस्था छ वा छैन।
५. प्रस्तुत विवादमा निवेदकको माग वमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन।

सर्वप्रथम पहिलो प्रश्न तर्फ हेर्दा निवेदकले सुदुरपश्चिम प्रदेशको धनगढि लगायतका स्थानहरुमा गाई गोरु छाडा छोडिएको विषयलाई उठाएको पाइन्छ। निवेदनमा सो क्षेत्रका किसानहरुले गाई गोरु बाच्छा वाच्छि छाडा छाडेको कारण ती जनावरहरुले किसानको वालि खाने क्रम बढेको, ती जनाबरहरु सडकमा यत्रतत्र डुलिरहको, भोकभोकै परिरहेको, जंगली जनावरहरुको सिकार वनिरहेको, सडकमा आवागमनलाई बाधा पुऱ्याइरहेको, सवारी दुर्घटना भैरहेको, मलमुत्र, सिनो आदिको कारण वातावरणमा प्रतिकुल असर परिरहेको कुरा उल्लेख गरेको पाइन्छ। यहि अस्तव्यस्तताकोबीच कैलाली जिल्लाकै घोडाघोडि नगरपालिकाले कैलालीको चुरेको जंगलमा करिव २८०० गाई, गोरु, वाच्छा वाच्छि राजमार्ग भन्दा ३ किलोमिटर भित्र एकान्त ठाँउमा तारवार गरिराखेको, तर आवश्यक दाना, पानी, ओत तथा औषधोपचारको उचित प्रवन्ध नहुँदा त्यहाँ राखिएका गाई गोरु बाच्छा बाच्छिहरु ठुलो संख्यामा मरिरहेको भन्ने जिकिर पनि लिएको पाइन्छ। निवेदक संस्था स्वयं पनि ती उपेक्षित जनावरको संरक्षणमा संलग्न रहेको कुरा निवेदनमा उल्लेख गरिएको र बहसमा उठाइएको छ।

यसरी हेर्दा प्रस्तुत रिट निवेदनमा उठाइएको विषय राष्ट्रिय जनावरको रुपमा मान्यता प्राप्त गाईको संरक्षणविहिनता तथा उपेक्षासंग जोडिएको विषय हुँदा सार्वजनिक हक र सरोकारको विषय हो भन्ने नै देखियो। साथै निवेदकमध्ये स्नेहाज केयर पशु अधिकार संरक्षणको क्षेत्रमा कार्यरत संस्था देखिएको, यो संस्थाले धनगढि क्षेत्रमा त्यसरी छाडा छाडिएका गाई गोरुहरुको संरक्षणमा केही कार्य गरेको भन्ने पनि खुल्न आएको र निवेदकमध्ये अधिवक्ता श्री पदमबहादुर श्रेष्ठ वातावरणीय कानून र न्यायको क्षेत्रमा गहिरो रुचि राख्ने व्यक्ति भै यस अदालतमा परेका विभिन्न सार्वजनिक सरोकारका विवादहरुको निरुपणमा रुचि, सरोकार र पैरवीमा संलग्न व्यक्ति देखिंदा निवेदकहरुलाई प्रस्तुत विवादको विषयलाई अदालत प्रवेश गराउने हकदैया भएको नै देखियो।

अव माथि उल्लिखित दोस्रो प्रश्न अर्थात **गाई गोरुको संरक्षणको विषयलाई संवैधानिक, तथा सांस्कृतिक दृष्टिवाट के कसरी हेरिनुपर्छ** भन्नेवारे हेर्दा नेपालको वर्तमान संविधानको धारा ९ को उपधारा (३) मा "**नेपालको राष्ट्रिय जनावर गाई हुनेछ**" भनी उल्लेख गरिएको छ। यो व्यवस्था २०१९ साल देखि लगातार संविधानमा रहदै आएको छ।[1] गाई हाम्रो राष्ट्रिय पहिचानसंग जोडिएको विषय हो। गोवध तथा वृषभ बध नेपालको कानून प्रणालीमा सदा सर्वदा निषेधित छ। यस मानेमा गाई हाम्रो सनातन धर्म, संस्कृति, परंपरा समेतको सन्दर्भमा एक महत्वपूर्ण जनावर हुँदा गोरक्षा हाम्रो संवैधानिक दायित्वसंग जोडिएको विषय हो भन्ने स्पष्ट देखियो।

नेपालको संविधानको धारा ४ मा नेपाललाई धर्मनिरपेक्ष राष्ट्र घोषणा गर्दै स्पष्टिकरणमा "**धर्मनिरपेक्ष भन्नाले सनातन देखि चलिआएको धर्म संस्कृतिको संरक्षण लगायत धार्मिक सास्कृतिक स्वतन्त्रता संझनुपर्छ**" भन्ने उल्लेख छ। यसवाट सनातनदेखि चलिआएको धर्म संस्कृतिको संरक्षणको कुरा संविधान विपरीत नभै धर्म निरपेक्षताको एक आयामको रुपमा संविधानमा स्वीकार गरिएको रहेछ भन्ने वुझिन्छ। धर्म संस्कृति, सम्पदाको संरक्षण हुँदा समुदायको अस्तित्वका आधारहरु सुरक्षित र संरक्षित हुन्छन्। यहि सुरक्षित संस्कृति भित्र ब्यक्ति र समुदायले स्वस्थ र सजीव रुपमा हुर्कन, परिपोषित हुन र आफ्नो व्यक्तित्वको विकास स्वतन्त्ररुपमा गर्न सक्छ। संविधानको धारा २६ मा धार्मिक स्वतन्त्रताको हकवारे उल्लेख गर्दै **धर्ममा आस्था राख्ने प्रत्येक व्यक्तिलाई आफ्नो आस्था अनुसारको धर्मको अवलम्वन, अभ्यास र संरक्षण गर्ने स्वतन्त्रता हुने** कुरा प्रत्याभुत गरिएको छ। यसवाट सनातन धर्म संस्कृतिको "अवलम्वन, अभ्यास र संरक्षण" गर्ने कार्यलाई पनि धार्मिक स्वतन्त्रताकै एक पक्षको रुपमा लिन सकिने देखिन्छ। धर्म संस्कृतिसंग सम्वन्धित संविधानमा अन्य केही व्यवस्थाहरु पनि छन्। उदाहरणको लागि, धारा ८ मा चन्द्र सूर्य अङ्कित झण्डालाई राष्ट्रिय झण्डाको रुपमा तोकिएको छ। चन्द्रले करुणा र सूर्यले प्रज्ञालाई संकेत गर्छन्। यिनको सास्त्रीय महत्व र सर्वधर्मीय महिमा त छदैछ, तर चन्द्र र सुर्य दुवैलाई हिन्दूहरु देवता भनी पुज्दछन्; सुर्यलाई नारायणको रुपमा र चन्द्रमालाई सोमको रुपमा

[1] हेर्नुहोस नेपालको अन्तरीम संविधान २०६३ धारा ७(२), नेपाल अधिराज्यको संविधान २०४७ धारा ७(२), नेपालको संविधान २०१९ धारा ९(२)।

हिन्दूहरु पुजा गर्छन्। शिवको शीरमा चन्द्र सुसोभित रहेको मानिन्छ, पुर्ण चन्द्र, अर्ध चन्द्र, बालचन्द्र आदिले हिन्दू धर्म संस्कृतिमा विशेष महत्व राख्छन्। मठ मन्दिरहरुमा अनादिकालदेखि चन्द्र सूर्य अङ्कित ध्वजा रहदै आएको र सूर्य चन्द्रको आरधनाको चलन अन्य धर्ममा पनि रहे भएकोवाट सबै समुदाय र सम्प्रदायमा यसको स्वीकार्यता कायम रहेको मान्नुपर्ने हुन्छ। तर यहाँ गाईको प्रसङ्ग रहेको र गाईको दुई आँखामा सुर्य र चन्द्रमाको वास हुन्छ भन्ने विश्वास हिन्दु धर्ममा गरिने हुँदा र चन्द्र सुर्य अङकित राष्ट्रिय झण्डा र राष्ट्रिय जनावर गाईबीच कुनै न कुनै रुपमा धार्मिक तथा सांस्कृतिक साइनो, चासो र सरोकार रहेको देखियो।

नेपालको संविधानको धारा ३२ को उपधारा (३) मा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो संस्कृति, सास्कृतिक सभ्यता र सम्पदाको संबर्धन र संरक्षण गर्ने हक हुनेछ भन्ने व्यवस्था गरिएको छ। त्यसै गरी धारा ५१ (ग) मा "स्वस्थ र सभ्य संस्कृतिको विकास गरी सामाजिक सुसम्बन्धमा आधारित समाजको निर्माण गर्ने राज्यको निति हुने" कुरा उल्लेख छ। २०६८ को जनगणना अनुसार नेपालमा ८१.३ प्रतिशत हिन्दूहरुको बसोबास रहेको हुँदा संविधानमा गरिएका यी व्यवस्थाहरुको यथार्थपरक र धरातलीय अर्थ गर्दा सनातन देखि चलिआएको धर्म संस्कृतिको रक्षा गर्नु पनि संविधानमा उल्लिखित धर्म निरपेक्षताको एक आयाम बन्न पुग्छ। गाई संवैधानिक रुपमा हाम्रो राष्ट्रिय पहिचानसंग जोडिएको विषय मात्र नभै हाम्रो धर्म, संस्कृति, सभ्यता र परंपराको एक प्रतीक हुँदा गोरक्षा नेपालको एउटा राष्ट्रिय दायित्व हो भन्ने स्पष्ट हुन्छ।

**धर्म निरपेक्षता र धर्म संस्कृतिको हकवारे यस अदालतले अपनाएको नीति तर्फ हेर्दा धर्म निरपेक्षताको अर्थ राज्यको आफ्नो कुनै धर्म हुदैन; राज्यले धर्मको आधारमा कसैलाई विभेद गर्दैन र धर्मको आधारमा गरिने थिचोमिचो, तिरस्कार, अपहेलना, उपेक्षा तथा असमान व्यवहार गर्दैन। त्यसैगरी धार्मिक आवरणमा गरिने जातीय विभेद, अन्धविश्वास, छुवाछुत एवं अन्याय, ब्यक्तित्व विकासमा सिर्जना गरिने अवरोध तथा जवरजस्ति धर्म परिवर्तन गरिने जस्ता कुरालाई राज्यले सहदैन भन्ने हो। धर्म निरपेक्षताको साइनो तर्कवाद र वैज्ञानिक चिन्तनसंग अवश्य छ। तर त्यसको तात्पर्य सनातनदेखि चलिआएको धर्म, धार्मिक संस्कृति, सम्पदा र सभ्यताको रक्षा राज्यले गर्दैन भन्ने चाहिं होइन। अर्को शब्दमा, धर्मनिरपेक्षताको अर्थ धर्मको विरोध होइन। राज्यद्वारा गरिने निर्णय तथा राज्य सञ्चालनमा कुनै धार्मिक मतको प्रभावमा अर्को धर्म मत र विश्वास उपर धिचो मिचो नगरियोस भन्नेसम्म यसको तात्पर्य हो। तर यसको अर्थ सनातन देखि चलिआएको धर्म सस्कृतिको रक्षा राज्यले गर्नु हुँदैन भन्ने कदापि होइन। सनातन धर्म संस्कृतिको रक्षा गर्नु पनि संविधानतः राज्यको कर्तव्य हो[2]। धर्मनिरपेक्षताको अर्थ धार्मिक विषयमा राज्यले आँखै लगाउन हुदैन भन्ने कदापि होइन[3] भन्ने कुराको उद्घोष यस अदालतले समय समयमा गरिआएको छ। विश्वभर धर्मनिरपेक्षताको एउटै मोडल नरहेको सन्दर्भमा हाम्रो आफ्नो देशको परंपरा, परिवेश,**

---

[2] तुलसि सिंखडा वि प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय, नेकाप २०७४ अङ्क ७ निर्णय नं ९८४९ पृ १२९१

[3] भरतमणि जंगम वि. प्रधानमन्त्री तथामन्त्री परिषदको कार्यालय, नेकाप २०७३ निर्णय नं ९७३३ पृ २३२३।

**जनब्यवहार र जनभावना अनुकुल धर्म संस्कृतिको सम्वर्धन गर्दै विकास र आधुनिकरणको मार्गमा अघि वढ्नु पर्छ। यहीकुरा नै संविधानको शव्द, मर्म र भावना अनुकुल हुँदा सोही अनुरुप राज्यले आफ्नो दायित्वको निर्वाह गर्नुपर्छ भन्ने यस इजलासको ठम्याई छ।**

नेपालको संविधानमा रहेको धर्म निरपेक्षता, धर्म संस्कृतिको रक्षा सम्वन्धी उपर्युक्त आयामवारे चर्चा गरेर अव "गाई वर्ग" अर्थात गाई गोरुको धार्मिक र सास्कृतिक महत्वबारे केहि गहिरिएर विचार गरौं। हिन्दू धर्ममा गाईलाई सर्वदेवमयी, सर्वभूतसमृद्दिदायिनी, सर्वलोकहितैसी पुण्यस्वरुपा आदि शव्दहरु उल्लेख गरी सम्बोधन गरिएको पाइन्छ। गाईको पवित्रतालाई हिन्दू धर्म र संस्कृतिले अत्यन्त महत्व दिएको छ। गाईको दूध, दहि, गोमूत्र, गोवर र सो मिश्रित पञ्चगव्य नभै हिन्दूहरुको कुनै धार्मिक अनुस्ठान शुरु नै हुदैन। वेदमा गाईलाई अदिति, धेनुभु, अध्नेय आदि नामले पुकारिएको छ। गाईको वर्णन वेदहरुमा कैयौ पटक गरिएको छ[4]। अथर्ववेदमा गाईलाई "**बशां देवा उपजीवंति वशां मनुष्या उप। वशेदं सर्व भबतु यावतु सूर्यो विपश्यति**"[5] (अर्थात मानिस र भगवान दुवै गोरसवाट जिउछन, जवसम्म सुर्य रहन्छन यो धरतिमा गाई रहन्छन्; सम्पूर्ण विश्व गाईहरुमा निर्भर छ) भनिएको छ। त्यसैगरी ऋग्वेदमा "**गाभो भगो, गाव इन्द्रो**" भनिएको छ[6]। बृहत्पराशरस्मृतिमा गाईको शरीरमा देवी देवता ऋषिमुनिहरुको वासवारे वर्णन गर्दै भनिएको छः[7]

शृंगमूले स्थितौ ब्रम्हा शृंगमध्ये तु केशवः। शृगाग्रे शंकरं विध्यात् त्रयो देवाः प्रतिष्ठिताः।।
शृंगाग्र सर्वतीर्थानि स्थावराणि चराणि च। सर्वे देवाः स्थिता देहे सर्वदेवमयी हि गौः।।
ललाटाग्र स्थिता देवी नासामध्ये तु षण्मुखः। कम्वलास्वतरौ नागौ तत्कार्णभ्यां व्यवस्थितौ।।
स्थितौ तस्याश्च सौरभ्याश्चक्षुषोः शशिभाष्करौ। दन्तेषु वसवश्चाष्टौ जिव्हायां बरुणः स्थितः।।
सरस्वती च हुंकारे यमयक्षौ च गण्डयौः। ऋषयो रोमकुपेशु प्रस्त्रावे जान्हवीजलम्।।
कालिन्दी गोमये तस्या अपरा देवतास्तथा। अष्टाविंशतिदेवानां कोट्यो लोमसु ताः स्थिताः।।
उदरे गार्हपत्योऽग्निर्हृदये दक्षिणास्तथा। मुखे चाहवनीयस्तु सभ्यावसथ्यौ च कुक्षिषु।।
एवं यो वर्तते गोषु ताडनक्रोधवर्जितः। महर्तीं श्रियमाप्नोति स्वर्गलोके महीयते।।

अर्थात गाईको सिङको जरामा भगवान व्रम्हाजी, दुवै सिङको मध्यभागमा नारायण र शीर्ष भागमा शिव रहनुहुन्छ, यसको अतिरिक्त सिंङको अग्रभागमा चर अचर सहितका सवै तीर्थस्थल, ललाटको अग्रभागमा पार्वती, नाकको बीचमा कुमार कार्तीकिय, दुवैकानमा कम्वल र अस्वरनामका नाग, दाइने र देब्रे आँखामा सूर्य चन्द्र, दाँतमा आठवटै वसु, जिब्रोमा वरुण, हुंकारमा भगवती सरस्वती, गण्डस्थल (गाल)मा यम र यक्ष, रौका प्वालहरु (रोमकुप)मा समस्त ऋषिगण, गोमुत्रमा गङ्गाजी, गोमय(गोवर)मा यमुना तथा लक्ष्मी सहित सवै देवता, पेटमा अग्नि, कुक्षियहरुमा सभ्य र अपषभ्य नामका अग्निहरु

---

[4] एउटा अध्ययन अनुसार ऋग्वेदमा गाईको नाम ७२३ पटक, सामवेदमा १७० पटक र अथर्व वेदमा ३३१ पटक गरी जम्मा १३३१ पटक उल्लेख भएको छ हेर्नुहोस https://www.dakshinvrindavan.org/cow-in-vedas/।

[5] अथर्ववेद १०.१०. २६,

[6] अर्थात मलाई गाई ईन्द्र झैं लाग्छ, ऋग्वेद ७.६९.९

[7] बृहत्पराशरस्मृति ४।३१–४१

बस्छन्। यसकारण सवै देवताहरुको निवास गाईमा हुने भएको हुँदा जसले गाईलाई स्नेह र आदर गर्छ, क्रोध देखाउने, पिट्ने आदि गर्दैन उसलाई महान ऐश्वर्य सहित स्वर्गलोक प्राप्त हुन्छ भनिएको छ।

गाईको विषयमा बृहत्पराशरस्मृतिमा गरिए जस्तै जस्तै वर्णन पद्मपुराण भविश्यपुराण, सकन्दपुराण तथा महाभारतमा पनि पाइन्छ।[8] पुराणहरुमा कपिला, सुरभि, नन्दिनी, कामधेनु, रोहिणी आदि गाईहरुको वर्णन गरिएको छ। गोसेवा, गोदान, वृषभ दानलाई धार्मिक कार्यको रुपमा र गोहत्या, गोपीडनलाई महापापको रुपमा पुराणहरुमा वर्णन गरिएको पाइन्छ। दूध दिने हृष्टपुष्ट गाई सूपात्रलाई दान गर्नाले आफु अघिका र आउदा सात पुस्तासम्मको उद्धार हुन्छ भनिएको छ[9]। शास्त्रहरुमा गाईको महिमा यतिसम्म छ कि गाईको दर्शन र प्रदक्षिणाले मात्रले पनि मानिसलाई धर्मप्राप्त हुन्छ; पाप नास हुन्छ भनिएको छ। जसको घरमा गाई भोको र व्याकुल रहन्छ, जसले गाईको अपहेलना गर्छ, लात्ताले हान्छ, पिट्छ मार्छ, उ नरकमा जान्छ भन्ने शास्त्रहरुको मान्यता छ। मानवधर्मशास्त्रमा गोरक्षा निम्ति कसैको हत्या हुन गएमा सो क्ष्यम्य मानिन्छ भनिएको छ।[10] शास्त्रहरुमा "सर्वेषामेव भूतानां गावः शरणमुत्तमम्" भनिएकोछ। गाईहरुको भक्तिमा गरिने गोपद्म व्रत, गोवर्धन पुजा व्रत, तोवस्ताद्वादशी ब्रत, तोत्रिरात्री व्रत, गोपाष्टमी व्रत पयोव्रत आदि व्रतहरुको पनि शास्त्रहरुमा चर्चा छ[11]। महाभारतमा गाईको विषयमा प्रसस्त स्तुतिहरु छन्।[12]

पुराणहरुमा गाईहरु प्रतिको भक्ति र समर्पण भित्र धार्मिक कारण त छदैछ, उनीहरुको उपयोगिताको अर्थशास्त्र पनि सन्निहित रहेको पाइन्छ। कृषिकर्ममा आधारित समाजमामा गाईको दूध, दहि घिउ आदिबाट जुन पोषण प्राप्त हुन्छ, वृषभहरुले जे जसरी कृषिकर्म र उपजको ढुवानीमा सहयोग गर्छन् वा उपयोगी हुन्छन्, त्यसकारण पनि गाई गोरु प्रति आम जनताको भक्ति र समर्पण वढेको हुन सक्छ। गौमाताको देवताहरु भन्दा पनि उच्च स्थान किन छ भन्ने विषयमा महाभारतमा वर्णित देहायको स्लोकले गाई गोरुको उपयोगिता सम्वन्धी अर्थशास्त्रवारे प्रकाश पार्छः त्यहाँ भनिएको छ[13]

यज्ञाङ्गं कथिता गावो यज्ञ एव च वासव। एताभिश्च विना यज्ञो न वर्तेत कथञ्चन।।
धारयन्ति प्रजास्चैव पयसा हविसा तथा। एतासां तनयाश्चापि कृषियोगमुपासते।।
जनयन्ति च धान्यानि विजानि वविधानि च। तयो यज्ञाः प्रवर्तन्ते हव्यं कव्यं च सर्वशः।।
पयो दधि घृतं चैव पुण्याश्चैता सुराधिप। वहन्ति विविधान् भारान् क्षुत्तृषापरिपीडिताः।।

---

[8] हेर्नुहोस पद्मपुराण सृष्टिखण्ड ५७।१५६-१६५ तथा भविश्यपुराण उत्तरपर्व ६९।२५-३७; स्कन्दपुराण आवन्तखण्ड रेवाखण्ड अ। ८३; महाभारत आश्वमेधिकपर्व, वैशणवधर्मपर्व अध्याय ९२. यी सवै ग्रन्थहरुमा वर्णित स्लोकहरुमा गाईको कुन अङ्गमा के कुन देवताको निवास छ भन्नेमा केही फरक फरक वर्णन भएतापनि गाईको सम्पुर्ण अङ्गमा, गो मुत्र सहित गोवर र धुलिचरणमा समेत देवाताको निवास हुन्छ भन्नेमा भने सवै ग्रन्थहरुमा मतैक्य रहेको पाइन्छ।

[9] महाभारत अनु ७४।८

[10] मानव धर्मशास्त्र८।३४८- ३४९

[11] हेर्नुहोस प. हुनुमानजी शर्मा, गो-सम्वन्धी व्रत" कल्याण गो-अङ्क २०औ वर्ष विशेशाङ्क, गीता प्रेस, बिसं २०७३ पृ ९०-९१

[12] **गावो मापुपतिष्ठतु हेमश्रृङ्ग्यः पयोमुचः। सुरभ्य सौरभेव्यश्च सरितः सागरं यथा।।गा वै पश्याम्यहं नित्यं गावः पश्यन्तु मां सदा। गावोऽमाकं वयं तासां यतो गावास्ततो वयम्।।**महाभारत अनु ७८।२३-२४ यसको अर्थः जसरी नदिहरु समुद्रमा गै मिल्छन, त्यसरी नै घुमेका सिंङ भएकी दूधदिने सुरभि तथा सौरभेयी गाईहरु मेरै निकट आउन्; म पनि सदा गाईहरुको दर्शन गर्न पाउं; गाईहरुको म प्रति कृपा दृष्टि परोस। म गाईको हुँ र गाई मेरा होउन्, गाई जहाँ रहन्छन् म पनि त्यहि रहन पाउं।

[13] महाभारत अनु ८३।१७-२२

मुनींश्च धारयन्तीह प्रजाश्चैवापि कर्मणा।        वासवाकुटवाहिन्यः कर्मणा सुकृतेन च।।

उपरिष्टात्ततोऽSमाकं वसन्त्येताः सदैव हि।        एवं ते कारणं सक्र निवासकृतमध्ध वै।।

अर्थात गाईहरुलाई यज्ञको अभिन्न अङ्ग र सक्षात यज्ञ नै हुन्। गाई विना कुनै यज्ञ नै हुन सक्दैन। गाईले दूध तथा घिउ दिएर प्रजाहरुको पालन पोषण गर्छिन्। उनको पुत्र साढे र गोरु खेतिमा काम आउछ जसका कारण विभिन्न प्रकारको अन्न र बिउ उत्पादन हुन सक्छ। अन्नको प्रयोग यज्ञमा हव्य कव्यको निम्ति हुन्छ। गाईहरुवाट नै दूध, दही घिउ प्राप्त हुन्छ। यस्ता गाईहरु अत्यन्त पवित्र हुन्छन्। साढे तथा गोरुले भोक प्यास सहेर पनि विभिन्न किसिमका भारीहरुको डुवानी गर्छन्। यसप्रकार आफ्नो कर्म मार्फत गाई गोरुले प्रजा तथा ऋषि मुनिहरुको सेवा गरिरहन्छन्। यिनीहरुको व्यवहारमा शठता तथा कपटिपन हुदैन; यिनीहरु सदा पवित्र कर्ममा लागिरहन्छन्। त्यसकारण गाईहरु सदा देवताहरु भन्दा पनि माथिको गोलोकमा रहन्छन् भनिएको छ।

शास्त्रीय महिमा तथा आर्थिक उपयोगिता समेतको कारण गाई गोठको नेपालमात्र नभै समस्त दक्षिण एशियाको हिन्दू संस्कृतिमा अनादिकाल देखि उच्चतम स्थान रहेको कुरा माथिको चर्चावाट स्पष्ट हुन्छ। गाई सर्वदायिनी माताको रुपमा सदा पुजित रहेकी छन् भने पृषभ भगवान शंकरको वाहनको रुपमा मात्र नभै वोझावाहक तथा कृषिकर्मको सहायकको रुपमा सर्वोकृष्ट सेवक रहि आएको छ।

महात्मा गान्धीले गोरक्षा छोडनुलाई भारतवर्षको पतनको कारण मान्नु भएको पाइन्छ।[14] इतिहासको विकासक्रम हेर्दा महात्मा गान्धीको समयमा गाईको अपहेलना शुरु भैसकेको थियो भन्ने देखिन्छ। यथार्थमा उन्नाइसौ सताव्दिमा रेल यातायातको शुरुवात नभएसम्म[15] र सो सताव्दिको अन्त्य र बीसौं सताब्दिको सुरुतिर ट्रक तथा ससाना गाडिवाट मालसामानको ढुवानी प्रारम्भ नभएसम्म भारतको समथर भूभागमा वयलगाडि नै मालसामान ढुवानीको प्रमुख साधन रहिआएको थियो। तर आधुनिक यातायातका साधनहरुको ढुवानीमा प्रयोग हुन र ट्रयाक्टरद्वारा खेतिपाति गर्न थालिएपछि भने गोरुहरुको उपयोगिता अत्यन्त घट्न थालेको भन्ने देखिन्छ। यसको प्रभाव गोपालनमा हुने नै भयो। यो परिस्थितिको चाप र प्रभाव नेपालको हकमा पनि क्रमशःपर्न गएको महसुस हुन्छ। नेपालको तराई र उपत्यकामा देखिने गोरु गाडाहरु अब कम भैसकेका छन, त्यसै गरी पहाडि भूभागमा समेत हाते ट्रयाक्टरको प्रयोग हुन थालेपछि, खेतिपातिकोलागि गोरु पाल्नुपर्ने दरकार अब क्रमशः घट्न गएको छ। ग्रामिण क्षेत्रमा हाल देखिएको आर्थिक, सामाजिक र सांस्कृतिक संक्रमणले पनि गाईपालन र गोरक्षामा प्रतिकुल प्रभाव पारिरहेको देखिन्छ।

यहिंनेर हाल नेपालमा गाई गोरुको संख्या कति छ त, भन्ने सान्दर्भिक प्रश्न पनि उठ्छ। नेपाल सरकार पशुविकास मन्त्रालयले सन २०१७ को जुलाईमा तयार गरेको

[14] महात्मा गान्धीले गोउद्दारको लागि क) गाईको दूधमा जोड दिनुपर्ने र अरु जनावरको दूधको वितरण बन्द गर्नुपर्ने; गाईको मृत शरीरको सवै भाग अर्थात कुनै भाग पनि खेर नजाने गरी उपयोगमा ल्याउनुपर्ने; ग) गाईको नस्ल सुधार गर्नुपर्ने र घ) गाईलाई वधि दूध दिने वनाउनु पर्ने सुझाव दिनु भएको छ। हेर्नुहोस, "गोरक्षापर माहात्माजीके विचार" पुर्वपाद ११ पृ १२३-१२७

[15] एकिकृत भारतमा सन १८३२ वाट मालवाहक रेल यातायात र १८५३ वाट पेसेन्जर रेलको शुरुवात भएको सो सम्वन्धी इतिहासले देखाउछ।

प्रतिवेदन[16] अनुसार नेपालमा हाल गाई गोरुको संख्या ६४,३०,३९७ रहेको छ[17] भने अन्य जनावरहरु जस्तो भैसी राँगाको संख्या ३१,७४,३८९ त्यसैगरी चौरी गाईको संख्या ४८,८६५ भेडाको संख्या ६,१२,८६४ बाख्राको संख्या १,१२,२५,१३० र सुगुरको संख्या ८,७०,१९७ रहेको देखिएको छ। ती मध्ये अन्य जनावर काट्न मार्न र तिनको मासु उपयोग हुन सक्छ। तर धार्मिक तथा सास्कृतिक कारणले गर्दा गोवध र वृषभ वधलाई सोच्न पनि नसकिने र कानूनी रुपमा समेत वर्जित फौजदारी कसुर हुँदा तिनको ठूलो संख्या, निवृत्तता र निरर्थकता (redundancy) लाई कसरी सन्तुलित र व्यवस्थित गरिराख्ने र नेपालमा पालिएका गाई गोरुलाई कसरी स्वस्थ राख्ने भन्ने प्रश्न प्रस्तुत विवादको निरुपणको क्रममा एउटा महत्वपूर्ण प्रश्न वन्न पुगेको छ। यति भन्दा भन्दै पनि गाई पालनको उपयोगिता अहिले नै समाप्त भैसकेको अवस्था भने होइन, नत यो देशैभरि देखिएको समस्या नै हो। **नस्ल सुधार, चरन व्यवस्थापन, वैज्ञानिक व्यवस्थापन, जनताको आहार विहारमा पुनरावलोकन गर्न सके गौपालनको धार्मिक, सास्कृतिक र स्वास्थ्यको पक्षलाई उपयोगिताको दृष्टिवाट समेत अझै पनि परिपोषित गर्न सकिने अवस्था रहेकै देखिन्छ।**

गाई गोरु लगायत पशुपंक्षीहरुको मानिससंग रहेको सम्वन्ध र मानव स्वास्थ्यबर्धनमा रहेको योगदान एवं उनीहरुले पार्न सक्ने प्रभावलाई संविधान प्रदत्त स्वास्थ्य सम्वन्धी हकको दृष्टिवाट समेत हेर्न जरुरी हुन्छ। **संविधानको धारा ३० मा स्वच्छ तथा स्वस्थ वातावरणमा बाँच्न पाउने हक प्रत्याभूत गरिएको छ। हामीले खाने खाद्यवस्तु सुरक्षित र स्वस्थ नहुँदा, त्यसैगरी वातावरण स्वच्छ र स्वस्थ नहुँदा मानव स्वास्थ्यमा प्रतिकुल असर पर्छ।** नेपालमा सामान्यतः दुध तताएर खाने प्रचलन भएपनि कतिपय जिवाणु धेरै तापक्रममा र धेरै समय उमालेपछि मात्र मर्छन्। त्यस्तै कतिपय स्थानमा अझैपनि दुध नउमाली खाने र दहि पनि नउमालेको दूधवाट वनाउने चलन कायम छ। साथै सुरक्षा आदि कारणले गाई गोरुको गोठ घरसंगै सटाएर वनाइने, चरन, र कृषिकार्य गर्दा गाई गोरु बाच्छा बाच्छिसँग सोझै सम्पर्क हुने हुँदा उनीहरुलाई लाग्ने रोग मानिसलाई लाग्ने सम्भावना रहन्छ। गाई गोरुलाई लाग्ने रोगबारे के भन्न सकिन्छ भने समान क्षेत्रका अरु जनावरलाई जे रोग लाग्छ सामान्यतः गाई गोरुलाई पनि त्यस्तो रोग लाग्छ। पहाडी र तराई क्षेत्रमा पालिएका चौपायाहरुमा भाइरस, व्याक्टेरिया र फङ्गसवाट हुने रोगहरु गाई गोरुलाई पनि लाग्छ। पशुपंक्षीबाट मानिसमा सर्ने चर्चित एन्थ्रेक्स, एभियन इन्फ्लुयन्जा, बि. भाइरस, ब्रुसेलोसिस, इकोलि, ज-आरडिया, लेप्टोपिरोसिस, क्यु-फिवर, रेविज, ट्युवरकुलोसिस, विभिन्न खाले जुका, साल्मोनेला संक्रमण, एच.आई.भि. एड्सबारे अव जानकारी सामान्य भैसेको छ। पशुपंक्षीबाट मानिसमा सर्ने रोगहरु (zoonotic diseases) मेडिकल शिक्षाको एउटा महत्वपूर्ण विषय बनिसकेको छ। यस अदालतले यसपूर्व चौरीगाईको रगत खाने प्रथा रोक्नेबारे गरेको निर्णयमा यसवारे चर्चा गरेको छ[18]।

---

16 हेर्नुहोस Livestock Statistics of Nepal at https://www.mold.gov.np/downloadfile/Tathaynka%20Pustika%20final%20for%20print_1510132862.pdf

17 यो मध्य सुदुर पश्चिम प्रदेशमा गाई गोरुको संख्या १०, ६४,२३५ रहेको छ।

18 हेर्नुहोस अच्युत खरेल वि. प्रधान मन्त्री तथा मन्त्री परिषदको कार्यालय समेत नेकाप २०७५ अङ्क ३ निनं ९९८२ पृ.५९२

**पशुहरु छाडा छोडदा, वा रोगको उपचार नगरी पाल्दा मानव सुरक्षित रह्दैन। तसर्थ मानव स्वास्थ्यलाई दृष्टिगत गरेर पनि गाई गोरु सुरक्षित रुपमा र स्वस्थ तरिकाले पालिनुपर्छ। यसमा विवाद गर्नुपर्ने कारण छैन। तर प्रस्तुत विवादको निरुपण गर्दा स्पष्ट गरिनुपर्ने कुरा के पनि छ भने स्वास्थ्य वा उपयोगिताको कुरा गाई गोरु पालनको एक पक्ष मात्र हो, समग्र पक्ष होइन। गाई गोरुको धार्मिक र साँस्कृतिक महत्व र राष्ट्रिय पक्षको उपेक्षा गर्दा हाम्रो आफ्नै मौलिक पहिचान गुम्ने र गोरक्षाको लागि संसारभर परिचित नेपालको पहिचानमा नै धक्का पुग्ने सम्भावना हुन्छ।[19] त्यसैले सुदुरपश्चिम प्रदेशको कैलाली र कन्चनपुर क्षेत्रमा वा अन्यत्र पनि गाई गोरु प्रति जुन उपेक्षा वा हेलाहाको परिस्थिति सिर्जना भएको छ, जे जसरी गाई गोरु मर्ने वा मार्ने स्थिति बनेको छ यसले समस्त नेपालीको चेतना, धार्मिक आस्था र साँस्कृतिक पहिचान समेतलाई चुनौति दिईरहेको छ। यसलाई समस्त नेपालीको स्वस्थ जीवन, जनजिविका, धार्मिक र सांस्कृतिक सभ्यता समेतको रोहमा हेरी विद्यमान समस्याको उचित निकासा दिनु आवश्यक देखिन्छ।**

माथि उल्लेखित दोस्रो प्रश्नबारे यति भनेर **गाई गोरु लगायतका पशुहरुको संरक्षणमा जोडिएका कानूनी आयामहरु के के हुन्** भन्ने तेस्रो प्रश्नवारे विचार गरौं। गाई गोरुको संरक्षण हाम्रो कानूनी व्यवस्थाको महत्वपूर्ण पाटो हो। वर्तमान मुलुकी अपराध संहिताले गाई वा गोरु उपरको कसुर र अन्य पशुपंक्षी उपरको कसुरलाई अलग अलग गरी हेरेको छ। यसरी हेर्नुमा गाई गोरु अबध्य र अरु पशुपक्षी बध्य रहेको कुरा कुनै न कुनैरुपमा प्रतिविम्वित हुन्छ। संहिताको दफा १९० को उपदफा (१) मा गाई वा गोरु मार्ने वा कुनै चोट पुऱ्याउने नियतले चोट पुऱ्याउने कार्यलाई निषेधित गर्दै गाई वा गोरु मारेमा उपदफा (२) अनुसार तीन वर्षसम्म कैद, कुटी अङ्गभङ्ग पारेमा उपदफा (३) अनुसार छ महिनासम्म कैद र अन्य चोट पुऱ्याएमा सोही उपदफा अनुसार पचास हजार रुपैँयासम्म जरिवानाको व्यवस्था गरिएको पाइन्छ। तर अन्य पशुपंक्षीको हकमा भने तिनीहरुको वधलाई पूर्णतः निषेध नगरी सार्वजनिक स्थानमा मार्नेकार्य सम्मलाई दफा २९१ बमोजिम निषेधित गरेको पाइन्छ। गाईसँग सम्वन्धित अर्को व्यवस्था संहिताको दफा २२७ मा छ जहाँ गाईको करणी गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैँयासम्म जरिवानाको व्यवस्था गरिएको छ जबकि अरु पशुको करणी गर्नेलाई एक वर्षसम्म कैद र दशहजार सम्म जरिवाना हुने व्यवस्था गरिएको छ।

मुलुकी अपराध संहितामा गरिएको अझै अर्को महत्वपूर्ण व्यवस्था पशुपंक्षी प्रति निर्दयी व्यवहारसंग सम्वन्धित छ। यसमा भने गाई गोरु र अन्य पशुपंक्षीलाई समान वर्गमा राखी कुनै पनि पशुपंक्षी उपर निर्दयी व्यवहार गर्न निषेध गरिएको छ। संहिताको दफा २९० मा गरिएको व्यवस्थाले पशुपंक्षी लाई कुटने, यातना दिने, सक्ने भन्दा बढी भारी वोकाउने, विरामी अवस्थामा काममा लगाउने, हनिकारक वस्तु सेवन गराउने समेतका कार्यलाई निषेधित गरेको छ। सो दफाले स्पष्टरुपमा "**आफुले पालेको पशुपंक्षी रोगी वा वृद्ध**

[19] योगी नरहरिनाथको मत अनुसार राजा द्रव्यशाहलाई गोसेवा र गोरक्षाकै कारण गोरखाको राज्य गद्दि हठात मिलेको हो। गोमाताको रक्षाको प्रभावले नै गोरखा जाति जगत्को जनता र सेनामा वीर गोरखाको नामले प्रख्यात छ। हर्नुहोस योगी नरहरिनाथ, प्रथम पुष्पाञ्जली प्रकाशक श्री बृहद आध्यात्मिक परिषद गोरक्षपीठ मृगस्थली २०७४।९।२७

**भएको कारण सार्वजनिक रुपमा छाड्न वा अन्य कुनै किसिमवाट निर्दयी वा क्रुर व्यवहार गर्नु हुदैन"** भनेको छ। वेसहारा र रोगी पशुपंक्षीलाई सार्वजनिक स्थानमा छाडने कार्य अवस्य पनि क्रुर र निर्दयी व्यवहार हो। यस्तो निर्दयी व्यवहार गर्ने वा गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा पाँच हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था पनि उक्त दफामा गरिएको छ। यसैसँग मिल्दोजुल्दो व्यवस्था मुलुकी अपराध संहिताको दफा ११७ मा छ जहाँ कुनै पशुपंक्षीलाई अर्काको घर, जग्गामा वा सार्वजनिक वाटो घाटो वा सार्वजनिक स्थलमा छाडा छोड्ने कार्यलाई निषेधित गर्दै त्यसो गरेमा तीन महिनासम्म कैद वा पाँच हजार रुपैयासम्म जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरेको पाइन्छ। पशुद्वारा गरिने हानीलाई दुष्कृति मानी मुलुकी देवानी संहिताको दफा ६७६ मा पशुले पारेको हानी नोक्सानीको दायित्व पशुधनीले वेहोर्नुपर्ने ब्यवस्था गरेको छ। यसरी पशुद्वारा बाली खाने र अन्य हानी वा नोक्सानी पारिने कार्यहरुलाई अब क्षतीपुर्तिको विषय बनाई उपचारविहिनताको कारण पशुउपर देखाईने क्रुरता, उपेक्षा र जिम्मेदारीविहिनता समेतलाई कानूनद्वारा सम्बोधन गर्ने प्रयास गरिएको देखिन्छ।

हाम्रो धर्म, संस्कृति र परम्पराको आलोकमा हेर्दा गाई गोरुको संरक्षणमा गरिएका माथि उल्लिखित व्यवस्थाहरु सर्वथा नौला होइनन्। साविक मुलुकी ऐन चौपायाको महलमा गाई गोरु र अन्य पशुपंक्षीलाई अलग वर्गमा राखी संरक्षण सम्बन्धी व्यवस्थाहरु गरिएको थियो। उदाहरणको लागि साविक मुलुकी ऐन चौपायाको महलको १ नं मा मारौं भन्ने नियत लिई गाई गोरु मार्ने, मार्न लगाउने, मार्नाको उद्योग गर्ने र सो नियतले विदेश लैजान वा बिक्री गर्ने कार्यलाई निषेध गर्दै सोही महलको १२ नं ले गाई गोरु मार्नेलाई १२ वर्ष कैद र वचन दिनेलाई ६ वर्ष कैदको व्यवस्था गरिएको, त्यसैगरी विदेश लगी मार्ने मराउनेलाई १० नं ले ६ वर्ष सम्म कैदको व्यवस्था गरेको देखिन्छ[20]। साथै गाई गोरु मार्ने उद्योग गर्ने, मार्न वचन दिने, मतियार हुने, अङ्गभङ्ग गर्ने, मर्ने भवितव्य पार्ने, आदि कार्यलाई पनि कानूनले कसुर मानेको देखिन्छ। मुलुकी ऐनका यी व्यवस्थाहरुले वर्तमानमा गरिएको कानूनी वन्देजको ऐतिहासिकतालाई पुष्टि गर्छन्।

गाई गोरुको संरक्षणको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्वसँग जोडिएका अन्य केही चाखलाग्दा व्यवस्थाहरु पनि मुलुकी ऐनमा भेटिन्छन्। उदाहरणको लागि, कसैले गाई गोरु मार्न तयार भएको देखियो भने मार्न हुदैन भनी मनाही गर्नुपर्छ। **"मनाही गर्ने मानिसलाई पनि हतियार चलायो भने उसै ठाँउमा काटी हानी मार्नेलाई खतवात लाग्दैन"** भन्ने व्यवस्था उक्त महलको ४ नं. मा गरिएको छ जुन शास्त्र सम्मत छ।[21] त्यसैगरी दान गरिएको वा भगवानमा चढाइएको वृषलाई फेरि काममा लगाउनुहुदैन भन्ने मान्यतावाट बसाहा वा डामेको गोरुको किनवेचलाई मुलुकी ऐनमा निषेध गरिएको पाइन्छ। ऐनमा स्पष्टसंग "बसाहा वा डामी छाडेका साँढे कसैले किन्न वेच्न हुदैन। किने वेचे वेच्नेको थैली

[20] गाई मात्र होइन वृष मार्नु पनि नरहत्या वरावर हो भनिएको छ। हेर्नुहोस ईसाइयाह ६६।३

[21] शास्त्रहरुमा आत्मरक्षागर्दा, नारी, व्राह्मण वा गाई उपर हुने आक्रमण वा गाईको चोरी रोक्दा आक्रमणकारी मरेमा पाप लाग्दैन भन्ने व्यवस्था थियो। उदाहरणको लागि हेर्नुहोस, मानव धर्मशास्त्र ८.३४८-८.३४९; वौद्धयान धर्मशुत्र २.२.८०; यो पनि हर्नुहोस Andrea Gutierrez, Embodiment of Dharma in Animals in HINDU LAW A NEW HISTORY OF DHARMASASTRA (Patrick Olivelle and Donald R Davis J reds.) OUP 2018 at p466, 474

जफत गरी सजाय गर्नुपर्छ। डामेको चिन्ह भएको थाहा नपाई किन्नेलाई वात लाग्दैन। बेच्नेबाट थैली फिर्ता लिई किन्नेलाई दिलाई बेच्नेलाई सजाय गर्नुपर्छ" भन्ने व्यवस्था रहेको छ। बृषभ दान वा बृषोत्सर्गको महत्वबारे शास्त्रहरुमा प्रसस्त वर्णन पाइन्छ[22]। दान गरिएको वस्तुको उपयोग शास्त्रमा वर्जित हुँदा कानूनमा गरिएका उपर्युक्त व्यवस्थाहरुले शास्त्रीय मान्यतालाई नै प्रतिविम्वित गरेको पाइन्छ।

मुलुकी ऐनमा भएको अर्को महत्वपूर्ण व्यबस्था साढे वा वूढा खाडा गाई गोरु, नव्याउने वैला गाईसंग सम्वन्धित छ। सम्भवतः यस्ता गाई गोरुको विदेशमा लगी गरिने वधलाई दृष्टिगत गरेर नै कानूनले विदेश निर्यातलाई निषेधित गरेको देखिन्छ।[23] यसवाट नेपाल आफ्नो मुलुकभित्र मात्र होइन विदेशमा लगी गाई गोरु उपर हुन सक्ने ज्यादतीबारे पनि शुरुबाटै सचेत र संवेदनशील रहेछ भन्ने देखिन्छ। **मुलुकी ऐनमा गरिएका धेरै व्यवस्था वर्तमान मुलुकी अपराध संहितामा छैनन्, तथापि गाई गोरुको वधलाई निषेधित गरेर एवं "पशुपंक्षी उपर क्रुर एवं निर्दयी व्यवहार" र छाडा छाड्ने, अरुको धन सम्पत्ति वा ज्यानमा हानी पुऱ्याउने कार्यलाई निषेधित गरेर संहिताले सबै खाले उपेक्षा, यातना, र क्रुर व्यवहार विरुद्ध रहेको नेपालको प्रतिवद्धतालाई स्पष्ट गरेको छ। त्यसकारण मुलुकी ऐन र वर्तमानमा मुलुकी अपराध संहिता एवं देवानी संहितामा गरिएका व्यवस्थाहरुलाई समाजको वर्तमान मूल्य मान्यताका साथै हाम्रो परम्परा, दर्शन, संस्कृतिको आलोकमा समेत हेर्न सकिने अवस्था छ। यी व्यवस्थाहरुको सापेक्षतामा गाई गोरु लगायत पशुपंक्षीहरुको संरक्षणलाई धार्मिक, साँस्कृतिक र मानवीय दृष्टिबाट समेत महत्वपूर्ण मुद्दाको रुपमा हेरिनु आवश्यक छ भन्ने इजलासको ठम्याई छ।**

गाई गोरुलाई मार्ने, अङ्भङ्ग गर्ने वा चोट पुर्‍याउने, यातना दिने, निर्दयी व्यवहार गर्ने आदि कार्यलाई निषेध गरेर **नेपाल कानूनले "गाई वर्ग" का घरेलु जनावरहरुको कानूनी अस्तिव तथा वाच्न पाउने हकलाई स्पष्टतः स्वीकार गरेको देखिन्छ। हत्या हिंसा वा यातना विरुद्दको हक त्यसैलाई प्राप्त हुन्छ जसको जीउन पाउने नैसर्गिक हक (inherent right to life) लाई कानूनले स्वीकार गर्दछ। यो स्वीकारोक्ति मार्फत हाम्रो कानूनले विधिशास्त्रीयरुपमा पशुपंक्षी सम्वन्धी विध्यमान कल्याणकारी मोडल (Welfare model) भन्दा अघि वढेर प्रकृतिको यो अनुपम सिर्जना एवं घरेलु जनावरको रुपमा धर्म संस्कृति र जीवन पद्धतिमा समेत सम्मानित "गाई वर्ग" को बाच्न पाउने नैसर्गिक हकलाई स्वीकार गरी अधिकार मोडल (Right model) अङ्गिगकार गरेको देखिन्छ। यस्तो मोडलले "गाई बर्ग" लाई वस्तु (Thing) मात्र नमानी जीउने हक भएको प्राणी (Being) मानेको भन्नुपर्ने हुन्छ। यस्तो स्वीकारोक्ति जव राष्ट्रिय जनावरको हकमा गरिन्छ त्यसले राष्ट्रिय कटिवद्दतालाई झल्काउछ र सकारात्मक तथा नकारात्मक दायित्वको सिर्जना समेत गर्छ। सकारात्मक दायित्व अन्तरगत राज्यले "गाई वर्ग" का जनावरले नैसर्गिक र स्वस्थरुपमा वाच्न सक्ने परिस्थिति निर्माण**

---

[22]महाभारतमा जो पुरुष एक वृष दान गर्दछ उ देवव्रति हुन्छ, उसलाई स्वर्गलोकमा सम्मान प्राप्त हुन्छ भनिएको छ, हेर्नुहोस महा. आश्व. १००।१२; अनु. ६६।४८, ७६।२० एउटा जुरो पलाएको (धुरन्धरौ) सुन्दर वृष दान गर्नु दश गाई दान गर्नु वरावर हुन्छ। हेर्नुहोस पद्म. शृष्टि. ४८।१८०-१८१)

[23] हेर्नुहोस, मुलुकी ऐन चौपायाको महल १, ८ नं।

**गर्नुपर्छ, उनीहरुको आहार विहार र स्वास्थोपचारवारे उचित प्रवन्ध गर्नुपर्छ। त्यसैगरी नकारात्मक दायित्व अन्तरगत उनीहरु उपर पुर्‍याइने कुनै प्रकारको हानीलाई रोक्नुपर्छ। नेपाल कानूनको यो विधिशास्त्रीय पक्ष एवं स्वीकारोक्तिलाई हामीले वातावरणीय न्यायको क्षेत्रमा हाल विकास हुँदै गैरहेको हिमाल पहाड, नदीनाला, वनजङ्गल र प्रकृतिको पनि बाँच्न पाउने अधिकार हुन्छ, उनीहरुको अखण्डतामा नोक्सान पारिने कार्यहरु गरिनु हुँदैन[24] भन्ने मान्यतालाई सारभूत रुपमै परिपोषित गरेको भनी वुझ्न सक्छौं । यिनै व्यवस्थाहरु मार्फत संविधानमा उल्लिखित "अन्तरपुस्ता समन्याय" र "पर्यावरणीय दिगो विकास"का अवधारणात्मक दायित्व कार्यरुपमा वदलिन सक्छन्; तिनमा अन्तरनिहित प्रकृतिमुखी दृष्टिकोण (Eco-centric approach) ले आकार लिन थाल्दछ।**

पशु संरक्षणको नेपालको दायित्वलाई अन्तराष्ट्रिय कानूनसंग जोडेर पनि हेर्न सकिन्छ। यसमा मुख्यतः मानव अधिकार कानूनका व्यवस्थाहरुको सान्दर्भिकता रहन्छ। मानव अधिकार सम्वन्धी कानून आधारभूतरुपमा मानवीयता सम्वन्धी कानून हो। यसले मानव मात्र नभै सम्पूर्ण प्राणी, चराचर र जीवन जगतलाई मानवीय रुपमा हेर्न हामीलाई प्रेरित गर्छ। मानव अधिकार कानूनले सम्मानपुर्वक बाँच्न पाउने हक, सामाजिक सुरक्षाको हक, खाद्य, स्वास्थ्य, सरसफाई सम्वन्धी हकहरु प्रत्याभूत गरेको कुरा यहाँ विशेष स्मरणीय छ[25]। यी व्यवस्थाहरुको तार्किक व्याख्या गर्दा पशु स्वास्थ, वातावरण र मानवीयताका कुराहरु सो भित्र समेटिन्छन्। मानवीयता कै सन्दर्भमा पशु स्वास्थ सम्वन्धी विश्व संगठन संगठनले पशुकल्याण सम्वन्धी निर्देशिका स्मरणयोग्य छ जस्मा देहायका स्वतन्त्रताहरु लाई आधारभूत सिद्वान्तको रुपमा उल्लेख गरिएको छ[26];

- भोक प्यास र कुपोषणबाट स्वतन्त्रता
- डर त्रास र तनाववाट स्वतन्त्रता
- भौतिक तथा सित, तापजन्य असुविधाबाट सुरक्षित रहने स्वतन्त्रता
- पीडा घाउचोट र रोगव्याधीबाट स्वतन्त्रता
- सामान्य व्यवहार अभिव्यक्त गरी बाँच्न पाउने स्वतन्त्रता

माथि वर्णित स्वतन्त्रता आफै कार्यान्वित हुदैनन्। यसको निम्ति राज्यले राष्ट्रिय कानूनमा तीनलाई अंगिकार गर्नुपर्ने हुन्छ भने स्थानीय तह र प्रत्येक नागरिकको तहमा अविभावकत्व (Loco parentis) को अवधारणा विकसित गरिनुपर्ने हुन्छ। स्वागतयोग्य कुरा के

---

24 हाम्रै छिमेकमा उत्तराञ्चलको उच्च अदालतले Lalit Miglani Vs State of Uttarakhand & Others (See https://indiankanoon.org/doc/92201770/ ) को मुद्दामा 30 मार्च 2017 मा यस्तो आदेश जारी गरेको छ। यद्दपि उच्चतम न्यायालयले उच्च अदालतको फैसलाको कार्यान्वयन रोकेको छ, तापनि "प्रकृतिलाई अस्तित्वको अन्तरनिहित अधिकार हुन्छ" भन्ने विधिशास्त्रीय मान्यतालाई अन्यत्र पनि विस्तारै विस्तारै स्वीकार गरिदै आएको छ।

25 हेर्नुहोस आर्थिक सामाजिक र सांस्कृतिक अधिकार सम्वन्धी महासन्धी १९६६ धारा ९, ११, १२, १५ त्यसै गरी नागरिक र राजनीतिक अधिकार सम्वन्धी महासन्धी १९६६ धारा ६.

26 See WOAH Guidelines on Animal Health, paragraph 7.1.2 guaranteeing a) freedom from hunger, thirst and malnutrition, b) freedom from fear and distress, c) freedom from physical and thermal discomfort, d) freedom from pain, injury and disease, and e) freedom to express normal patterns of behavior. पशु अधिकार र पशुस्वास्थयको विषयमा अन्तराष्ट्रिय क्षेत्रमा केही थप महत्वपुर्ण कार्यहरु पनि भएका छन्। उदाहरणको लागि हेर्नुहोस Universal Declaration on Animal Welfare 2003.

छ भने माथिका सिद्वान्तहरुलाई राष्ट्रिय कानूनहरुमा क्रमशः अङ्गिकार गर्न थालिएको छ[27]। साथै अदालतहरुवाट पनि पशुपंक्षी सम्वन्धी मुद्दाहरुमा ती स्वतन्त्रताहरुलाई विवाद निरुपणको क्रममा कुनै न कुनै रुपले स्मरण गरिएको छ[28]। हाम्रो सन्दर्भमा भन्दा पशुकल्याण निर्देशिका २०७३[29] मा उपर्युक्त स्वतन्त्रतालाई राज्यले सुनिश्चित गराउनुपर्ने आधारभूत दायित्वको रुपमा स्वीकार गरिसकिएको छ[30]। निर्देशिकामा पशुलाई काममा लगाउन सकिने अवस्था, मौसम, समय, कार्यबोझ, आश्रय सम्वन्धी व्यवस्था, दानापानीको व्यवस्था, बाँध्ने थुन्ने व्यवस्था, स्वास्थोपचार, सक्रामक रोग व्यवस्थापन, निवृत्त पशुको हेरचाह र व्यवस्थापनबारे व्यवस्था गरिएको छ। यसको साथै पशुलाई कुट्ने पिट्ने, पीडा दिने, अङ्गभङ्ग गर्ने, बिरामी वा घाइने पशुको उपचार नगर्ने, पशुलाई छाडा छाड्ने लगायतमा निर्दयी व्यवहार गर्न निषेध गरिएको छ[31]। निर्देशिकामा विभिन्न निकायको जिम्मेदारी तोक्ने क्रममा पशुको हेरचाह, उपचार गर्ने तथा निर्दयी व्यवहार रोक्ने दायित्व पशुधनिको हुने, त्यसै गरी छाडा पशु र मरेका पशुको व्यवस्थापन गर्ने, त्यसैगरी पशु कल्याण सम्वन्धी सचेतना मुलक कार्य सन्चालन गर्ने दायित्व स्थानीय निकायको हुने भनी तोकिएको छ[32]।

पशु कल्याण निर्देशिकाको अतिरिक्त पशुसंग सम्वन्धित अन्य दुई ऐनहरु छन्। ती मध्ये पहिलो पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ हो। यो ऐन पशुको निकासी पैठारीसंग समेत सम्वन्धित छ। विदेशबाट ल्याइने गाई गोरुको क्वारेन्टाइन गर्ने गराउने, पैठारी अनुमतिपत्र लिनुपर्ने कुराहरु यस अन्तरगत हेरिने हुँदा यही ऐनको दायरा भित्रबाट आयात सम्वन्धी नीति वन्न सक्ने देखिन्छ। दोस्रो ऐन पशु बधशाला तथा मासु जाँच ऐन २०५५ हो। वध गरिने पशु भित्र गाई गोरु नपर्ने हुँदा यो ऐन यहाँ निरुपण गर्न खोजिएको विषयसंग सोझै सम्वन्धित देखिदैन।

संक्षेपमा, नेपालको संविधानले गाईलाई राष्ट्रिय जनावर घोषित गरेको छ, कानूनले गाई गोरुलाई अवध्य जनावर मानी उनीहरुलाई मार्ने मात्र होइन, चोट पार्ने, यातना दिने, निर्दयी व्यवहार गर्ने समस्त कार्यहरुलाई निषेधित एवं दण्डनीय वनाएको छ। कानूनी संरचनाले विस्तारै विस्तारै पशु स्वास्थ्य र पशु सेवा निर्देशिका मार्फत उनीहरुको स्वतन्त्रताको पनि प्रत्याभूति गरेको छ। यी समस्त कानूनी व्यवस्थाको रोहमा विपक्षीहरुले आफ्नो दायित्व पुरा गरेका छन् वा छैनन्, तथा को कस्ले के कस्तो दायित्व पुरा गर्नुपर्ने छ भन्ने हेर्नुपर्ने हुन आएको छ।

---

[27] उदाहरणको लागि हेर्नुहोस Animal Welfare Act of Austria 2004; Animal Welfare Act of UK 2006; Prevention of Cruelty against Animals Act of India 1960; Prevention of Cruelty against Animals Act of Kenya 1962; Animal Welfare Act of USA 1966; Welfare and Management of Animals Act of Japan 1973 and Animal Welfare Act 2010

[28]हेर्नुहोस यमुना कुमारी श्रेष्ठ वि प्रधान मन्त्री तथा मन्त्री परिषद सचिवालय, २०७३-WO-००२२ निर्णय मिति २०७४।९।१२; सो विवादमा सर्वोच्च अदालतले अन्तराष्ट्रिय कानून र तुलनात्मक विधिशास्त्रमा भएका कानूनी विकासको विषद विवेचना गर्दै सरकारका नाममा निर्देशिका जारी गरेको छ। साथै हेर्नुहोस अर्जुन कुमार अर्याल वि. नेपाल सरकार नेकाप २०७३ निनं ९६८६ पृ १७९८ (गढिमाईमा पशु वध र पशु उपर गरिने क्रुर व्यवहार वारेको फैसला)। A. Nagaraja & Others v Animal Welfare Board of India, (2014) 7 SCC 547; State of Gujarat v Mirzapur Moti Kureshi Kassab Jamat and Others (2005)8 SCC 534.

[29]यो निर्देशिका पशु स्वास्थ्य तथा पशु सेवा ऐन २०५५ को भावना र मर्म अनुरुप तथा पशु स्वास्थ्य तथा पशु सेवा नियमावली २०५६ को नियम २२ क ले दिएको अधिकार प्रयोग गरी निर्माण जारी भएको देखिन्छ।

[30]हेर्नुहोस पशुकल्याण निर्देशिका २०७३ दफा ४.

[31]ऐऐ दफा १५.

[32]ऐऐ दफा २० र २३.

उपर्युक्त सन्दर्भमा अव **गाई गोरुको संरक्षणको सम्वन्धमा विपक्षीहरुवाट आ–आफ्नो दायित्व पूरा गरेको अवस्था छ वा छैन** भन्ने चौथो प्रश्न तर्फ हेर्दा निवेदनमा मुख्यतः देशै भरी गाई गोरु छाडा छाडिएको विषय र विशेषतः कैलाली जिल्लाको घोडाघोडि नगरपालिकामा वेसाहारा एवं उपेक्षित अवस्थामा र व्यवस्थापनको नाममा जङ्गलभित्र लगी २८०० गाई गोरु वाच्छा वाच्छि छाडिएको र उनीहरुको उचित स्याहार नगरिएको कारण भोक, रोग, प्यास र ओतको अभाव भै मरिरहेको कुरा उठाएको पाइन्छ। कैलाली जिल्लामा गाई वस्तु छाडा छाडिएको, उनीहरु स्याहार र हेरचाहको अभावमा मरिरहेको खवर छापामा आएपछि "एनिमल नेपाल" नामक गैरसरकारी संस्थाको अगुवाईमा पुर्व सचिव डा. कृष्णचन्द्र पौडेलद्वारा २०७५ साल फाल्गुणको १३ देखि १५ गतेसम्म सम्वन्धित क्षेत्रको स्थलगत अध्ययन गरी तयार गरेको एउटा प्रतिवेदन इजलासलाई प्राप्त भएको छ। सो प्रतिवेदनमा  विगत ३ वर्ष यता कैलाली र कन्चनपुर क्षेत्रमा छाडा गाईको संख्या ह्वात्तै बढेको र त्यस्ता पशुहरु राजमार्ग, शहरी तथा ग्रामिण क्षेत्रमा विचरण गर्ने, खेतिबालीमा पसेर अन्न नास गर्ने, सडकमा सवारी आवगमनमा वाधा पुऱ्याउने, पशु स्वयं पनि दुर्घटनामा पर्ने गरेको भन्ने उल्लेख छ। यसरी सडकमा गाईहरुको संख्या ह्वात्तै वढनुमा प्रतिवेदनमा स्थानीय तहमा गाई गोरुको लगत, जन्म, मृत्यु दर्ता प्रणाली नभएको कारण कसका गाई गोरु हुन् भनी पहिचान गर्न कठिन हुनु, यसैको फायदा लिई पशुधनिले विशेषतः बुढा, अनुत्पादक, बिरामी, असक्त र बाच्छा बाच्छिहरु सडकमा छाडने प्रबृत्ति बढनु, सीमा जोडिएको भारतको उत्तर प्रदेशमा गाई गोरुको वध रोकिएको कारण नेपालवाट भारततर्फ गाई गोरु लुकी छिपि लैजाने कार्य बन्द हुनु र सीमा पारिवाट वृद्ध र अनुत्पादक गाई गोरु नेपाल भित्रिनु, ट्रयाक्टरको बढ्दो प्रयोगको कारण गोरु बहरको महत्व घट्नु, छिमेकीले गाई गोरु छाडा छाडेपछि आफुले पनि किन नछाडने भन्ने प्रवृत्ति किसानमा वढ्नु, घोडाघोडि नगरपालिकाले चुरे क्षेत्रमा गाई गोरुको व्यवस्थापन गर्न लागेको छ भन्ने समाचार संप्रेशित हुनासाथ किसानहरुले आफ्ना अनुत्पादक पशु सार्वजनिक स्थानमा छाडिदिनु आदिलाई औंल्याइएको छ। प्रतिवेदनमा कैलालीमा घोडाघोडि नगरपालिकाले चुरेको जङ्गलमा वनाएका ४ वटा क्याम्पमा गाई गोरु मर्न थालेपछि सो क्याम्प स्थानान्तरण गरी गौडाखाल क्षेत्रमा राख्न थालिएको, सो क्याम्पमा हाल १८८ गाई गोरु बाच्छा बाच्छि बाँकी रहेको, कैलाली कै गेटामा राजमार्ग छेउमा ३०–३५ वटा गाई थुनी राखेको, धनगढि पश्चिम मोहना नदी छेउमा स्थानीय गौसेवा संरक्षण समितिले १०८ गाई पालन गर्ने उद्देश्यले मोहना नदीको छेउमा सामुदायिक वनको १४ विगाहा बाझो जग्गामा गाई गोठ घाँस पराल भण्डारण गर्दै रहेको, निवेदक स्नेहाज केयरले पनि संरक्षणका केहि कार्यहरु गर्न थालेको देखिएको कुरा पनि परेको पाईयो। प्रतिवेदनमा घोडा घोडि नगरपालिकाले आर्थिक वर्ष २०७५।७६ मा ३० लाख रुपैया छुट्याएको, गोठालाहरु समेत नियुक्त गरेको पाइएको, त्यसैगरी  कैलालीका सवै नगरपालिकाहरुले गाई गोरु व्यवस्थापनमा कुल वार्षिक ३–४ करोडको हाराहारिमा रकम छुट्याए पनि समन्वयको अभावमा व्यवस्थापन प्रभावकारी हुन नसकेको कुरा पनि औंल्याइएको पाइन्छ। संक्षेपमा स्थानीय तहमा हाल गरिएका कुनै पनि कार्यहरु प्रभावकारी रुपमा हुन सकेका छैनन् भन्ने पनि प्रतिवेदनको ठम्याई छ। स्थानीय

तहमा विभिन्न सरोकारवालाहरुसंग परामर्ष गर्दा विद्यमान समस्याको समाधानको लागि, स्थानीय तहमा सरकारी र गैरसरकारी क्षेत्रसमेतको संलग्नतामा बहु सरोकारवाला संयन्त्र निर्माण गरी गाई गोरु बाच्छा बाच्छिको पन्जिकरण र ट्यागिङ शुरु गरिनुपर्ने, सडक र नहर किनारा, खाली स्थानमा डाले घाँस रोपी हुर्काउनु पर्ने, पुर्वाधार सहित ३।४ ठाँउमा गौशाला निर्माण गरिनुपर्ने, रासायनिक मलको सट्टा प्राङ्गारिक मल र गोमुत्रको उपयोगिता वढाउने सम्वन्धमा कार्य गरिनु पर्ने, राष्ट्रिय तहमा पशु कल्याण ऐन र पशु कल्याण नीति निर्माण गरिनु पर्ने, प्रदेश तहमा नै पशुकल्याण सम्बन्धी नीति र मापदण्ड तयार गरी सवै स्थानीय तहमार्फत समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने गराउनुपर्ने, विद्यमान कानूनहरुको प्रभावकारी कार्यान्वयन हुनुपर्ने, पशुहरुको आयातलाई प्रतिबन्ध लगाइनु र अवैधरुपमा भित्रिने कार्यलाई प्रभावकारी रुपमा रोकिनुपर्ने, सीमा क्षेत्रमा पशु क्वारेन्टाइनलाई प्रभावकारी बनाइनुपर्ने, उन्नत नस्लका र व्यवस्थापन गर्न सकिने संख्यामा पशुपालन गर्ने कार्यलाई प्रोत्साहित गरिनुपर्ने, गैरसरकारी क्षेत्रलाई पनि स्थानीय तहमा गौशालाको सञ्चालनको अनुमति दिनुपर्ने, ट्यागिङको लागि पशुसेवा विभागले प्रणाली र विधि विकास गरी चिप्स ट्यागको विकास गरी कम्प्युटर प्रणालीमा राखि अनुगमन गर्न सकिने व्यवस्था मिलाउनुपर्ने छाडा पशुको व्यवस्थापनलाई उत्पादनमुलक बनाइनुपर्ने, सो नभएसम्म अनुदानको व्यवस्था गरिनुपर्ने आदि सुझावहरु पनि प्रतिवेदनमा संकलन गरेको पाइन्छ। प्रतिवेदनमा रहेका सुझावहरु विस्त्रित र उपयोगी छन्; तिनमा विवाद गर्नुपर्ने वा तिनलाई ग्रहण नगरिनुपर्ने कुनै कारण छैन। प्रतिवेदनको व्यहोरा समेतवाट निवेदकहरुले विपक्षीहरुबाट आफ्नो दायित्व पुरा नगरेको भनी जुन जिकीर गरिएको छ सो सत्य र यथार्थ रहेछ र सोही कारण छाडा गाई गोरुको स्थितिले गम्भीर रुप लिएको रहेछ भन्ने पनि देखिन्छ।

अतः उपर्युक्त समस्त सन्दर्भमा **अब निवेदकको माग वमोजिमको आदेश जारी गर्नुपर्ने हो वा होइन** भन्ने पाँचौं र अन्तिम प्रश्नतर्फ हेर्दा, माथि विभिन्न खण्डमा गरिएको चर्चा र विष्लेषणवाट **गाईलाई नेपालको राष्ट्रिय जनावरको संवैधानिक घोषणाले हाम्रो इतिहास, संस्कृति र सभ्यताको अक्षुणतालाई प्रतिविम्वित गरिरहेको छ। गाई गोरुको संरक्षण हाम्रो धर्म, परंपरा, संस्कृति र पहिचानसंग जोडिएको विषय हो। तसर्थ संरक्षणको दायित्ववाट समस्त नेपाल राष्ट्र, राज्यका सरकारी निकायहरु, समुदाय र व्यक्तिहरु समेत पन्छिन पाउने र मिल्ने अवस्था देखिदैन। हाम्रो कानूनले गाई गोरुको हत्या, यातना, उपेक्षा र निर्दयी व्यवहारलाई कानूनी रुपमा वर्जित र दण्डनीय मान्दै परोक्ष रुपमा उनीहरुको बाँच्न पाउने हकलाई स्वीकार गरेको छ। मुलुकी अपराध संहिता अन्तरगत पशुपंक्षी सम्वन्धी कसूरलाई अनुसूचि १ मा राखिएको हुँदा यातना, तिरस्कार, अपहेलना, अकर्मण्यताको कारण गाई गोरुको हत्या हुँदा, उनीहरुलाई चोट पुग्दा वा नियतवस छाडा छाडिएको स्थितिमा कानून वमोजिम अनुसन्धान र मुद्दा समेत चल्न सक्छ।**

मुलुकले संघीयता अंगिकार गरेको सन्दर्भमा हेर्दा केन्द्रिय योजना, स्वस्थ्य नीति, स्वास्थ्य सेवा, सरुवा रोग नियन्त्रण, गरिवि निवारण, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वातावरण व्यवस्थापन, भू उपयोग नीति, वस्ति विकास नीति जस्ता विषयहरु संघको अधिकार सूचि (अनुसूचि ५) मा परेको,

त्यसै गरी स्वस्थ्य सेवा, कृषि तथा पशु विकास, भूमि व्यवस्थापन, वातावरण व्यवस्थापन आदि प्रदेशको अधिकार सूचि (अनुसूचि ६) मा परेको, त्यसै गरी, स्थानीय स्तरका विकास आयोजना तथा परियोजना, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन तथा पशुस्वास्थ्य, आधारभूत स्वस्थ्य तथा सरसफाईको विषय स्थानीय तहको अधिकार सूचि (अनुसूचि ८) मा परेको पाइन्छ भने कृषि, स्वास्थ्य, वातावरण, जैविक विविधता, सामाजिक सुरक्षा, गरिबी निवारण जस्ता विषयहरु संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचि (अनुसूचि ९) मा परेको देखिएकोवाट **गाई गोरु लगायतका पशुपंक्षीको संरक्षण कृषि, स्वास्थ्य, वातावरण र जैविक विविधताको संरक्षणको विषय तीनै तहका सरकारको साझा कार्यक्षेत्रको विषय देखियो। साथै यो विषय गरीब किसानको सुरक्षा र उन्नयन समेतसँग जोडिएको हुँदा तिनै तहका सरकारहरुले योजनावद्ध एवं समन्वयात्मक रुपमा आ–आफ्नो दायित्व निर्वाह गर्नुपर्ने देखिन आयो।** पशुपालन स्थानीय तहमा नै किसान परिवारवाट हुने र संरक्षणको कार्य पनि स्थानीय तहवाट हुँदा नै वढि प्रभावकारी हुने कुरा समेतलाई मध्येनजर गर्दा संरक्षण सम्वन्धी दायित्वको अग्र पङ्तिमा स्थानीय तह रहनुपर्ने र सो गर्दा संरक्षणको दायित्व बढी प्रभावकारी रुपमा निर्वाह हुने देखियो। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ ले पनि यहि कुरा इङ्गित गरेको छ। नेपालले अङ्गिकार गरेको संघीय संरचनाको स्वरूप र माथि बर्णित अधिकारहरुको सूचि समेत हेर्दा दोस्रो पङ्तीमा प्रदेश र तेस्रो पङ्तीमा संघीय सरकार हुने देखिए तापनि संघीयता शैशव अवस्थामा रहेको र संघियताको स्वरूप **"सहयोगी संघीयता"** भै स्रोत साधनको मुहान पनि संघ नै हुँदा गाईगोरू संरक्षणको प्रस्तुत विषयमा समेत संघीय सरकार र त्यसका निकायहरूले उत्प्रेरक, सहजकर्ता एवं सहकार्य गर्ने अगुवाको भूमिका खेल्नुपर्ने पनि देखियो।

प्रस्तुत रिट निवेदनमा छाडा गाई गोरुको समस्या जुनरुपमा देखाइएको छ सो संहाल्नै नसक्ने किसिमको देखिदैन। सुदुरपश्चिम प्रदेशमा गाई गोरुको कुल संख्या नै १०,६४,२३५ देखाइएको छ। यो सो प्रदेशका नौ जिल्लामा वितरित संख्या हो। अधिकांश किसान परिवारहरुले आफुले पाल्न सक्ने गाई गोरू पालिरहेको अवस्था समेतलाई दृष्टिगत गर्दा कैलाली र कन्चनपुर जिल्लामा छाडा गाई गोरुको समस्या केही हजारको हो भन्ने सहजै अनुमान गर्न सकिन्छ। हाल पनि स्थानीय तहमा नगरपालिकाहरुवाट छाडा पशु नियन्त्रणको लागि वार्षिक रुपमा बजेट छुट्याइएको भन्ने देखिन्छ। तर कार्यक्रममा पारदर्शिता तथा समन्वयको अभावमा सो रकमको सदुपयोग हुन नसकी छाडा गाई गोरु बाच्छा बाच्छीको व्यवस्थापन प्रभावकारी हुन नसकेको भन्ने निवेदन जिकीर, बहस र माथि उल्लिखित प्रतिवेदनको अध्ययनवाट देखिन्छ। पशुपक्षी प्रति निर्दयी व्यवहार हुन नदिन जनस्तरमा शिक्षाको प्रचार गर्नु भन्ने र पशुकल्याणको विषयमा आवश्यक कानून निर्माण गर्नु भनी सरकारका नाममा **अच्युत खरेल**को रिट निवेदन र **यमुना कुमारी श्रेष्ठ**को रिट निवेदनमा यस अघि नै यस अदालतवाट निर्देशनात्मक आदेशहरु जारी भैसकेको देखिदा सो विषयमा पुनः आदेश जारी गर्नुपर्ने देखिएन।

प्रस्तुत विवाद संविधानतः राष्ट्रिय जनावर घोषित गाई सहित गोरु वाच्छा वाच्छिको संरक्षणसंग सम्वन्धित देखियो। माथि विभिन्न खण्डमा गरिएको विश्लेषणवाट यी जनावरहरुको संरक्षण धार्मिक र साँस्कृतिक रुपमा समेत अत्यन्त महत्वपुर्ण तथा पुनित कार्य देखिन्छ। यसमा पुर्ण समर्पण र तन्मयताका साथ कार्य गर्नु पर्ने दायित्व संविधान एवं कानूनी रुपमा समेत राज्यको हुँदा **जहाँ जहाँ समस्या देखिएको छ त्यहाँको प्रदेश तथा स्थानीय तहहरु**

**समेतको सहकार्य, सहयोग र समन्वयमा त्यस्ता छाडा पशुको साथै किसानले पालिरहेका पशुपंक्षीको तथ्याङ्क संकलन गर्ने, पालिएका सबै पशुहरु पहिचान हुन सक्ने गरी ट्यागिङ गर्ने र कम्प्युटर प्रविधिको माध्यमले समस्या ग्रस्त क्षेत्रमा पहिलो चरणमा र त्यस पछि देशैभरि पशुहरुको तथ्याङ्क लिने व्यवस्था मिलाउने, किसानलाई गाई गोरु लगायतका पशुहरुको बिमा गर्न प्रोत्साहन तथा लाग्ने खर्चको निश्चित भाग अनुदानको रुपमा सहयोग गर्ने र सीमा पारिबाट गाई गोरु अवैधरुपमा भित्रिने अवस्था रहे त्यसको अन्त्य गर्ने र आवश्यक देखिए कुटनीतिक रुपमा पहल गर्ने, प्रत्येक नगरपालिका तथा गाउँपालिकाको तहमा वहुपक्षीय संलग्नता र समन्वयमा संरक्षण केन्द्र, अस्थायी स्याहार केन्द्र खोली छाडा छोडिएका गाई वस्तुहरुको स्याहार सम्भार हुने प्रवन्ध गर्ने, प्रत्येक स्थानीय तहमा सार्वजनिक जग्गाको संरक्षण गरी वैज्ञानिकरुपमा गौचरण व्यवस्थापन गर्ने र सामुदायिक वनहरुमा घासेरुखहरु रोपी हिउदमा किसानहरुले सहजरुपमा घाँस पाउने व्यवस्था मिलाउने, गाई गोरुको नस्ल र स्वास्थ्य समेत सुधार गरी व्यवसायिकरुपमा उपयोगी नस्लका गाई गोरु पाल्न र निवृत्त पशुको स्याहार गर्न किसानलाई सहयोग र प्रेरित गर्ने, नेपालमा मात्र पाईने स्थानीय जातका गाईहरु लगायतका पशुहरुको आनुवंशिक विविधता (Genetic Diversity) को संरक्षण गर्न राष्ट्रिय रुपमा विशेष कार्यक्रम सञ्चालन गर्ने, गाई गोरुको हत्या, अकाल मृत्यु आदिमा किसान वा संरक्षणको जिम्मा लिएको पदाधिकारी लगायत सो कार्यमा संलग्न कसैको नियत, हेलच्क्रयाई, लापरवाहि वा उपेक्षा जिम्मेदार रहेको देखिए कानून वमोजिम कारवाही समेत हुन सक्ने हुदा यो विषयको प्रचार प्रसार गर्नुका साथै नियतवस गरिएको कारण कानून बमोजिम कारवाही समेत गर्नु पर्ने अवस्था देखिए कानून वमोजिम कारवाही गर्नु गराउनु भनी विपक्षीहरुका नाउमा परमादेशको आदेश जारी हुने ठहर्छ।** जानकारीको लागि यो आदेशको प्रतिलिपि महान्यायाधिवक्ताको कार्यालय मार्फत विपक्षीहरुकहाँ पठाई मिसिल नियम वमोजिम गरी वुझाई दिनु।

न्यायाधीश

उक्त रायमा सहमत छु

न्यायाधीश

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर अपरेटर: पद्मा आचार्य

इति संवत् २०७६ साल बैसाख ८ गते रोज १ शुभम् .........................................।